# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

मानवीय जीवनका हरेक पक्षमा मूल्याङ्कनलाई विभिन्न अवधारणको साथमा उपयोग गरिन्छ। मूल्याङ्कनलाई मानवीय क्रियाकलापसँग जोडेर हेर्ने हो भने यो एक अति आवश्यकीय व्यवहार हो अथवा मानिसले कुनै पनि अवस्थामा आफ्नो समयलाई मूल्याङ्कन कार्यको लागि खर्च गरिरहेको हुन्छ। यसरी व्यक्तिले आफ्नो जीवनका हरेक व्यावहार, चालचलन, असल-खराब वा गुण-अवगुण जस्ता पक्षहरू औँलाइरहेको हुन्छ। यसरी हरेक समय र अवस्थामा मानिसले लेखाजोखा गर्ने कार्य गरिरहने हुँदा मूल्याङ्कनलाई मानिसको आधारभूत व्यवहार हो भन्न सकिन्छ। कुनै पनि प्रकारको मूल्याङ्कनको प्रमुख उद्देश्य मूल्याङ्कित विषयमा सुधार गर्नु हो, तर त्यो राम्रो वा नराम्रो भनेर प्रमाणित गर्नु होइन। मूल्याङ्कनले कुनै पनि कार्य, प्रक्रिया, अवस्था वा उत्पादनका सवल र दुर्वल पक्षहरू पत्ता लगाई त्यसको सुधारमा सहयोग गर्नु हो र यसकार्यमा निश्चित मापदण्ड र आधारहरूको उपयोग गरी लेखाजोखा गर्ने कार्य गरिन्छ। मूल्याङ्कन केवल भौतिक कार्य वा वस्तुको सुधार र परिमार्जनसँग सम्बन्ध राख्दैन बरु भौतिक, भावनात्मक अवलोकित वा अनुभव गरिएको कार्यहरूको लेखाजोखा गर्दछ। तसर्थ मूल्याङ्कनलाई सुधार गर्ने प्रक्रियाको रूपमा लिने गरिन्छ (खनाल, २०६६)।

सामान्य अर्थमा भन्नुपर्दा कुनै पनि विषयवस्तुको लेखाजेखा, छानविन र जाँचबुझ गर्नुलाई मूल्याङ्कन भनिन्छ। हरेक क्षेत्रमा मूल्याङ्कनको महत्वपूर्ण स्थान रहेको हुन्छ। अझ शिक्षा क्षेत्रमा यसको झन बढी महत्व रहेको छ। विद्यालयमा जब विद्यार्थीहरू पढ्न थाल्दछन् त्यसै बेलादेखि विद्यार्थीको उपलब्धिको लेखाजोखा गरिन्छ। मूल्याङ्कनद्वारा केवल विद्यार्थीको पठनपाठनको मात्र लेखाजोखा नगरेर यसले सारा शैक्षिक कार्यक्रमकै लेखाजोखा गर्दछ। शिक्षा क्षेत्रमा निर्धारित उद्देश्य प्राप्तिका लागि शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुन्छन्। शिक्षण सिकाइ क्रियाकलापबाट अपेक्षित उपलब्धि हासिल भए भएनन र विद्यार्थीमा के कति परिवर्तन आयो वा आएन जस्ता कुराहरूको लेखाजोखा गर्ने क्रियाकलाप मूल्याङ्कन हो। यस्तो मूल्याङ्कनबाट प्राप्त नतिजा निर्धारित उद्देश्य पूरा भए नभएको लेखाजोखा गरिने भएकाले उद्देश्य पूरा गर्न नसक्नुका कारणहरू खोजी शिक्षण सिकाइमा सुधार गर्नका लागि सुधारात्मक शिक्षण योजना बनाउन सकिन्छ। मानिसले आफ्नो जीवनमा आइपर्ने कतिपय कामकारवाहीहरूका सिलसिलामा गल्ती कमजोरीहरू गर्न सक्छ। त्यस्ता गल्ती कमजोरीहरूको पहिचान गरी तिनलाई अगामी दिनमा दोहोरिन नदिन मूल्याङ्कनले मार्गदर्शन दिन्छ (अधिकारी, २०६९)।

वास्तवमा शिक्षण सिकाइ क्रियाकलापको क्रममा प्रत्येक विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धीको लेखाजोखा गरी उनीहरूको स्तरपत्ता लगाई सो अनुसार आवश्यक सुधारात्मक कदम चाल्नु नै निरन्तर मूल्याङ्कन हो । हरेक शिक्षण  सिकाइ क्रियाकलापसँग आवश्यकताअनुसार स्तर मापन गरिने प्रक्रिया मूल्याङ्कन हो । यो पूर्ण रूपमा निर्माणात्मक मूल्याङ्कन प्रणालीमा आधारीत हुन्छ । यस मूल्याङ्कन प्रणालीमा विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाई उत्तम विद्यार्थीहरूलाई अझ थप उत्साह प्रदान गर्ने र सिकाइ स्तर मध्यम र न्यून  रहेकालाई थप मद्दत गरी सिक्न प्रेरित गरिन्छ । यस मूल्याङ्कन प्रणालीमा शिक्षकले कक्षा कार्यमा विद्यार्थीहरूले हासिल गरेका सिकाइ उपलब्धि आवधिक रूपमा लिइएको लिखित परीक्षा, गृहकार्य र प्रयोगात्मक कार्यलगायत अन्य मूल्याङ्कन विधि प्रयोग गरी प्राप्त उपलब्धिको लेखाजोखा गरिन्छ । यसरी गरिएको लेखाजोखाका आधारमा कक्षोन्नति गर्ने गरिन्छ । वास्तवमा निरन्तर विद्यार्थी मूल्याङ्कनले अनुतीर्ण गरी कक्षा दोहोऱ्याउने र कक्षा विचैमा छाड्ने र माथिल्लो कक्षामा सिकाइस्तर बढाउन थप मद्दत र मौका प्रदान गर्दछ । यसमा शैक्षिक उपलब्धिका अतिरिक्त बानी, व्यवहार, विशेष घटना वा कार्यको अभिलेख नियमितता, गृहकार्य, अतिरिक्त क्रियाकलापमा सक्रियता लगायत अन्य अनौपचारिक व्यवहारलाई समेत लेखाजोखा गरी समग्र रूपमा विद्यार्थीको अभिलेख राखिन्छ । यसरी निरन्तर विद्यार्थी मूल्याङ्कनले निर्माणात्मक मूल्याङ्कनमा जोड दिन्छ । यो शिक्षण सिकाइका लागि पृष्ठपोषणका रूपमा उपयोग गरिन्छ । यसबाट कमजोर विद्यार्थीलाई उपलब्धिस्तर बढाउन मद्दत पुग्दछ (अधिकारी, २०६७) ।

शिक्षाको क्षेत्रमा मूल्याङ्कनको गहनतम् महत्व रहेको पाइन्छ । कुनै पनि विद्यालय वा महाविद्यालयमा विद्यार्थीहरू पढ्दछन् । पठनपाठन प्रभावकारी स्तरीय बनाउन भौतिक सुविधा, शैक्षिक सामग्री , मानवीय सुविधा र विभिन्न क्रियाकलापहरू निश्चित गरिन्छ । विद्यार्थीहरूलाई एक तहबाट अर्को तहमा प्रथम, द्बितीय र तृतीय श्रेणीअनुसार उत्तीर्ण गरिन्छ । विद्यार्थीहरूका कमजोरी पक्षहरूलाइ केलाइन्छ आवश्यक र अनिवार्य खालका सुझाव र निर्देशनहरू दिइन्छ । यस्तो किन गरिन्छ ? विद्यार्थीको सिकाइ फलदायी होस् । उसले राम्रो शिक्षा हासिल गर्न सकोस् शिक्षकको अध्यापन राम्रो होस् । विद्यालयको प्रभावकारिता राम्रो रहोस् । यस्तै यस्तै थुप्रै कुराहरूलाई मूल्याङकनले ओगटेको हुन्छ । त्यसैले शिक्षाको क्षेत्रमा हरेक क्रियाकलापमा मूल्याङ्कनको आवश्यकता पर्दछ । यो विद्यार्थी शिक्षक र विद्यालयका लागि नभई नहुने अंश हो (शर्मा एण्ड शर्मा, २०६८) ।

विद्यालय शिक्षा भनेको शिक्षाको जग हो । यसले नै नागरिकमा चरित्र निर्माण लगायत भविष्यको लागि चाहिने ज्ञान, सीप र अभिवृद्धिको विकास गराउँदछ भन्ने कुरामा दुइमत हुन सक्दैन । व्यक्तिको जीवनमा शिक्षाको महत्व अत्याधिक हुँदाहुदै पनि विभिन्न कारणहरूले गर्दा विशेषगरी विकासोन्मुख राष्ट्रका सम्पूर्ण वालबालिकाहरूको पहुँच विद्यालय शिक्षासम्म पुग्न सकेको छैन । शिक्षा प्राप्त गर्नु सबै बालबालिकाको नैसर्गिक अधिकार हो भन्ने परिप्रेक्षमा सन् १९९० मा थाइल्याण्डको जोमटिनमा भएको सबैको लागि शिक्षा सम्बन्धि प्रथम विश्व सम्मेलनको घोषण पत्रलाई सन् २००० मा सेनेगलको डकारमा भएको विश्व शिक्षा मञ्चले समिक्षा गर्दै सन् २०१५ सम्ममा विश्वका सबै बालबालिकाहरूलाई प्राथमिक स्तरको शिक्षा गुणस्तरीय, निशुल्क र अनिवार्यरूपमा उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गरेको छ । सो घोषण पत्र अनुसार सन् २०१५ सम्ममा सबैका लागि शिक्षा हासिल गर्न नेपालले पनि सन् २०१५ सम्म सबैका लागि शिक्षा पूरा गर्न र सो को राष्ट्रिय कार्ययोजना (२००१-२०१५) बनाइ सो योजना पुरा गर्नका लागि सबैको लागि शिक्षा कार्यक्रमको रणनिति कार्यक्रम तय गरेर आ.व. २०६१/०६२ देखि कार्यान्वयन गर्न शुरु गरी सकेको छ । यसले निरन्तर रूपमा निर्माणात्मक मूल्याङ्कनको प्रयोग गरी विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयमा नियमित उपस्थित भई शिक्षा लिन पाउने अवसर प्रदान गरेको छ (शिक्षा तथा खेलकुद मन्त्रलाय, २००३) ।

व्यक्तिमा अन्तरनिहित सिर्जनात्मक प्रतिभा र क्षमतालाई उजागर गर्दै सामाजिक उत्थान गर्नु, मानवीय मूल्य एवम् मान्यतालाई आत्मसात गरी वैज्ञानिक दृष्टिले कार्य सम्पादन गर्न सक्ने नागरिक तयार गर्नु, आधुनिक भौतिक तथा शैक्षिक पूर्वाधार उपलब्ध नहुनु, शिक्षकहरूको गुणस्तर र वृद्धि विकास बीच समन्वय नहुनु जस्ता चुनौतिहरू छन् । यस अवस्थालाई मनन् गरी मुलुकका सबै नागरिकलाई क्रमशः साक्षार बनाउने र गुणस्तरयुक्त तथा रोजगारीमुलक शिक्षा प्रदान गर्नुपर्दछ (राष्ट्रिय योजना अयोग, २०११) ।

विद्यार्थी मूल्याङ्कनलाई शैक्षिक प्रक्रिया अन्तगर्तको एक अभिन्न अङ्ग मानिनु पर्दछ । शिक्षण सिकाइलाई प्रभावकारी बनाउन र शैक्षिक गुणस्तर कार्यमा कायम राख्नलाई मूल्याङ्कनले ठूलो मद्दत गर्दछ तसर्थ प्राथमिक तहको मूल्याङ्कन प्रक्रिया मार्फत शिक्षण सिकाइलाई अझ गुणस्तरीय बनाउन निम्न उपाय अपनाउन सकिन्छ ।

- आधारभूत तहमा औपचारिक एवम् अनौपचारिक मूल्याङ्कन दुवैलाई समान महत्वका साथ प्रयोग गरिनु पर्ने छ र विद्यार्थी मूल्याङ्कन निरन्तर रूपमा सञ्चालन गरिनेछ ।

- विद्यार्थी सिकाई उपलब्धिहरू सम्बन्धी प्रगति विवरणहरू शिक्षक, अभिभावक र विद्यालय प्रशासनमा अधिकतम रूपमा आदन प्रदान गरिनेछ ।
- विद्यार्थी मूल्याङ्कन परिपाटीलाई सकेसम्म विकेन्द्रित गरिनेछ ।
- तहगत गुणस्तर कायम गर्न प्राथमिक तहको अन्तमा जिल्लागत मूल्याङ्कन गरिनेछ ( भट्टराई, २०६५) ।

हरेक शिक्षण सिकाइ क्रियाकलापसँगै र आवश्यकतानुसार समय समयमा गरिने मूल्याङ्कन निरन्तर विद्यार्थी मूल्याङ्कन हो । निरन्तर विद्याथी मूल्याङ्कनले औपचारिक मूल्याङ्कनमा जोड दिन्छ । यस मूल्याङ्कन प्रक्रियाले कुनै पनि समयमा मूल्याङ्कको विभिन्न माध्यमः जस्तै लिखित, मौखिक अवलोकनबाट विद्यार्थीको मूल्याङ्कन सुधारात्मक उद्देश्यका लागि अपनाइन्छ । यो मूल्याङ्कन प्रक्रियाले विद्यार्थीलाई कक्षा चढाउने कुराको निर्णय लिनभन्दा पनि प्रभावकारी शिक्षण सिकाइका लागि पृष्ठपोषण लिन उपयोग गरिन्छ (अधिकारी,२०६८) ।

## १.२ समस्याको कथन

शिक्षाको मुख्य उद्देश्य व्यक्तिको सर्वाङ्गिण विकास गराउनु हो । बालबालिकाको विकास कोरा किताबी भन्दा पनि विद्यालयमा सञ्चालन गरिएको विभिन्न कार्यक्रमहरूबाट हुने गर्दछ । हालसम्म पनि विद्यार्थीको जाच्ने मुख्य कसी विद्यालयमा सञ्चालन गरिएको परीक्षामा विद्यार्थीले कति प्रतिशत अंक प्राप्त गऱ्यो भन्ने कुरामा मात्र सीमित छ तर प्रत्येक विद्यार्थीका हरेक क्रियाकलापलाई शिक्षकले गरेको नियमित निगरानीले मूल्याङ्कन प्रक्रियालाई बढी सार्थकता प्रदान गरेको हुन्छ भन्ने अभिभावकको पनि उतिकै भूमिका हुन्छ । निश्चित समयमा मात्र सञ्चालन गरिएको परीक्षाले विद्यार्थीको वास्तविक क्षमता सीप उपलब्धि के कति प्राप्त भयो भनी सही सुचना दिन नसक्ने एकातिर छ भने अर्को उक्त परीक्षाको लागि ठूलो मात्रामा उपलब्ध गरिएको श्रम सीप र समयको कुनै अर्थ नरहेको तितो यर्थात छ । निरन्तर मूल्याङ्कन प्रणालीबाट विद्यार्थीको विषयगत दक्षताको मूल्याङ्कनका साथसाथै सहयोगात्मक पक्षको समेत निरन्तर रूपमा प्रगतिको रेकर्ड राख्ने व्यवस्था मिलाइएको हुनाले समयमानै कमीकमजोरीहरू हटाई लक्षित उपलब्धि हासिल गराउनमा मद्दत पुग्दछ । यसले विद्यार्थीहरूको सफल र असफल पक्षको मात्र मूल्याङ्कन नगरी लक्षित विषयवस्तु विद्यार्थीहरूमा हासील गर्नु गराउनु हो ।

परिमार्जित प्राथमिक पाठ्यक्रम २०५७ ले उदार कक्षोन्नति गर्न निरन्तर मूल्याङ्कन प्रणाली अपनाउन सिफारिस गरेको छ । यस मूल्याङ्कन प्रणालीमा विद्यागत रूपमा विभिन्न रूपमा

खासगरी ५ वटा क्षेत्रमा जस्तै, कक्षाकार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य र हाजिरीको प्रयोग गरी मूल्याङ्कन गरिन्छ (शर्मा, २०६९) । प्रस्तुत मूल्याङ्कनका आधारमा विद्यार्थीहरूलाई माथिल्लो कक्षामा अनिवार्य रूपमा कक्षोन्नति गरिन्छ तर निम्न दक्षतायुक्त शिक्षक, भौतिक पूर्वधारको अभाव विद्यालयको र शिक्षकहरूको व्यक्तिगत पक्षपात लापरवाहि गर्दा निरन्तर मूल्याङ्कन प्रणालीको सफलतामा प्रश्न चिन्ह उठ्न सक्दछ भने अर्कोतिर विविध कारणबाट कक्षोन्नति गरिएको वालबालिकाहरूको आवश्यक पूर्वाधारको अभावले गर्दा बालबालिकाहरूको माथिल्लो तहको उपलब्धि पुरा गर्न  चुनौति रहेको छ ।

निरन्तर मूल्याङ्कन विद्यार्थीको कुनै निर्दिष्ट तहको ज्ञान, उपलब्धि के कति छ ? निर्दिष्ट तहबाट अर्को तहमा जान पाउने की नपाउने? माथिल्लो तहमा आवश्यक पर्ने पूर्वाधारहरू के के हुन् भनी जाँच्न उपयोगी हुन्छ । उक्त मूल्याङ्कनबाट विद्यार्थीको वास्तविक अवस्था पत्ता लगाउन सकिन्छ । जुन मिठो यर्थाथ हो भने अर्कोतिर वर्तमान मूल्याङ्कन प्रणालीबाट खासगरी निरन्तर मूल्याङ्कन प्रक्रिया स्तरीय मापदण्डबाट सञ्चालन गरिएको छ ? विद्यार्थीहरू र अभिभावकहरू निरन्तर मूल्याङ्कन प्रणालीप्रति कतिको जानकार छन् ? उक्त कार्यको लागि अभिभावक, शिक्षक, प्र.अ. आदि कतिको जानकार छन् ? विद्यालयको भौतिक पूर्वाधारहरू शैक्षिक सामग्री कतिको मात्रामा छन् ? सम्बन्धित सरोकारहरूवाला उक्त कार्यको लागि कतिको जिम्मेवार छन् ? भन्ने प्रश्नहरू जुन समस्याको रूपमा रहेको छ ।

निरन्तर मूल्याङ्कनले विद्यार्थीको वास्तविक अवस्थाको जानकारी दिन नसकी विद्यार्थीलाई मार्ग निर्देश गर्न नसकेको महशुस गरी यस अध्ययनमा मोरङ् जिल्लाको बाहुनी स्रोत केन्द्रका प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणालीले शिक्षण सिकाइ प्रक्रियामा पारेको प्रभावलाई समस्याको रूपमा प्रस्तुत गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

हरेक पाठ्यक्रममा भएका ज्ञान सीप आदि विद्यार्थीका लागि प्राप्त गर्नु पर्ने विषयवस्तु वा क्षेत्रहरूका आधारमा तयार गरिएको हुन्छ । यसरी विद्यार्थीहरूको लागि तयार गरिएको विषयवस्तु उपलब्धताको दृष्टिकोणले अत्यन्त न्यून छ । एकातिर असान्दर्भिक विषयवस्तु अव्यवहारिक र सैद्धान्तिक विषयवस्तु छ भने अर्कोतिर अव्यवहारिक मूल्याङ्कन प्रणाली, आवधिक परीक्षाले गर्दा शैक्षिक उपलब्धिको वास्तविक सूचना प्रवाह हुन सकिरहेको छैन । प्रस्तुत मूल्याङ्कन प्रणालीको कमि कमजोरी औल्याउनु प्रस्तुत अध्ययनको उद्देश्य हुनेछ । अव्यवहारिक मूल्याङ्कन प्रणालीबाट प्राप्त उपलब्धिहरू विद्यालयको अभिन्न अङ्ग अभिभावकलाई सहज तरिकाले प्रदान गर्न सकिएको

छैन जसले गर्दा विद्यालय र अभिभावक बीचको दुरी टाढा रहेको तितो यथार्थ छ । हाल मोरङ जिल्ला बाहुनी स्रोत केन्द्र अन्तर्गत प्राथमिक तहमा लागु गरिएको निरन्तर मुल्याङ्कन प्रणालीको अध्ययन गरी सुधारका उपायहरू औल्याउन र सम्बन्धित पक्षबाट परीक्षण र प्रयोग गर्नु आवश्यक देखिएको कारणले उक्त पक्षको नजिकमा पुगी सरोकारबालाहरूसँग तथ्य कुराहरूलाई प्रस्तुत गर्नु प्रस्तुत प्रतिवेदनको औचित्य हुनेछ ।

विद्यार्थी किन असफल हुन्छन् ? विद्यार्थी किन विद्यालय छाड्छन् ? विद्यार्थीमा समाजिकताको अभाव किन देखिन्छ ? भन्ने कुरा एकातिर चुनौति रहयो भने अर्कोतिर सन् २०१५ सम्ममा सबैका लागि शिक्षा भन्ने विश्वव्यापी नारालाई सार्थकता प्रदान गर्न अर्कोतिर चूनौति रहेको अवस्थामा निरन्तर मूल्याङ्कन प्रणालीले विद्यार्थीको दैनिक अवस्थाको मूल्याङ्कन गरी उदार कक्षोन्नती गर्ने नीति सरकारबाट आएको छ तर कार्यान्वयनको नाजुक अवस्था बढ्दो आधुनिकीकरणले कार्यान्वयनको जटिलता शिक्षकमा प्राविधिक ज्ञानको अभाव साथै व्यक्तिगत पक्षपातले गर्दा सरकारको उदार कक्षोन्नती र सवैका लागि शिक्षा भन्ने नारा नारामै सीमित रहयो । प्रस्तुत समस्या किन रहयो, जटिलताहरू किन रह्यो भन्ने तितो यर्थाथलाई केलाएर वर्तमान परिवेशमा यस सँग सम्बन्धित शिक्षक, अभिभावक, प्र.अ. विद्यालय व्यवस्थापन समिती तथा सरोकारवालाहरूलाई यो अध्ययनले सही सूचना प्रदान गर्ने छ ।

समय गतिमान छ । आजको ज्ञान भोलिको लागि असान्दर्भिक हुन्छ । यदि तल्लो तहमा सिकाई उपलब्धि कमजोर रहयो भन्ने माथिल्लो तहमा पनि कमजोर हुने भएकाले तल्लो तह खासगरी प्राथमिक तह देखि नै निरन्तर मूल्याङ्कन प्रणाली लागू गरिएको हो । खास गरी निरन्तर मूल्याङ्कनले बालबालिकको दैनिक जीवनमा पारेको प्रभाव परिर्वतन र असरको निरन्तर मूल्याङ्कन गर्दछ । जसले गर्दा विद्यालयको सिकाइ उपलब्धिमा एक प्रभावकारी माध्यमको रूपमा रहेको छ । यस अध्ययनले निरन्तर मूल्याङ्कन प्रणालीले शिक्षण सिकाइ प्रक्रियामा पारेको प्रभावको अध्ययन गरी सुझाव प्रस्तुत गर्ने सम्बन्धित सरोकारवालालाई सुझाव प्रदान गर्नु यस अध्ययनको औचित्य रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरू निम्नानुसार रहेको छ :

क) निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनको वर्तमान अवस्थाको लेखाजोखा गर्नु ।

ख) निरन्तर मूल्याङ्कन प्रणालीले शिक्षण सिकाइ प्रक्रियामा पारेको प्रभावको विश्लेषण गर्नु ।

ग) निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्विनयमा देखिएका समस्याहरू पत्ता लगाई समस्या समाधानको उपायहरू पत्ता लगाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यो अनुसन्धान निम्न प्रश्नहरूको परिधी भित्र रही अध्ययन गरिएको छ :

क) प्राथमिक विद्यालयमा विद्यार्थी मूल्याङ्कन प्रणालीको वर्तमान अवस्था कस्तो रहेको छ ?

ख) निरन्तर मूल्याङ्कन प्रणालीले सिकाइ प्रक्रियामा के कस्तो प्रभाव पारेको छ ?

ग) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्न के कस्ता प्रयासहरू भइरहेका छन् ?

घ) निरन्तर मूल्याङ्कन प्रणालीको प्रयोग गर्न के कस्तो कठिनाइ भइरहेको छ ?

## १.६ अध्ययनको परिसिमा

अध्ययनको परिसिमा भन्नाले अध्ययनको सिमाङ्कन मानिन्छ । यस अध्ययनलाई सार्थक रूपमा सम्पन्न गर्नलाई सिमित समय र स्रोतलाई ध्यानमा राखी मोरङ जिल्ला बाहुनी स्रोत केन्द्रमा रहेको श्री एकता प्रा.वि., श्री महेन्द्र माध्यमिक विद्यालय भाउन्ने, श्री काली उच्च माध्यमिक विद्यालय, डाँगीहाट र श्री लक्ष्मी उच्च माध्यमिक विद्यालय लक्ष्मीमार्गमा लागु गरिएको कक्षा १-३ मा प्रयोग भईरहेको निरन्तर मूल्याङ्कन प्रणालीले शिक्षण सिकाइ प्रक्रियामा पारेको प्रभावसँग यो अध्ययनलाई सिमित गरिएको छ । यस अध्ययनलाई मूल्याङ्कन प्रणालीको वर्तमान अवस्थाको पहिचान गरी, भएको प्रभावकारिताको विश्लेषण गर्ने र यसमा देखिएका समस्याहरूको पहिचान गरी समाधानका उपायहरू प्रस्तुत गर्नुमा केन्द्रित रहेको छ । साथै यो अध्ययनबाट प्राप्त नतिजालाई अनुसन्धान कर्ताको अध्ययन क्षेत्रमा रहेको विद्यालय भित्र मात्र विश्लेषण र सामान्यीकरण गर्न सकिन्छ । साथै यो अध्ययनलाई निरन्तर मूल्याङ्कन प्रणाती कार्यान्वयन भएका अध्ययन क्षेत्रको विद्यालयहरूको २०६९ सालको नतिजामा सीमित गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

यस परिच्छेदमा शोध अनुसन्धानसँग सम्बन्धित साहित्यको पुनरावलोकन गर्नुका साथै अध्ययनलाई निर्देशित गर्न आवश्यक सैद्धान्तिक खाका समेतको ढाँचा तयार गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

गौतम (२०६८) का अनुसार प्रभावकारी सिकाइका लागि विद्यार्थीले जान्नै पर्ने कुरा रहेछ 'म कतातिर र कसरी गइरहेछु ।' त्यस्तै शिक्षकले पनि विद्याथीको ज्ञान, सीप र अभिवृतिको विकास कसरी कुन दिशामा भइरहेको छ भनेर जान्नु जरुरी रहेको छ । विद्यार्थीले कति जान्यो के जान्यो र के जानेन् भन्ने प्रश्नको उत्तर पुराना मूल्याङ्कन पद्धती जस्तै आवधिक  परीक्षाले पनि दिने रहेछ । तर शिक्षण र सिकाइको सीमा के जान्यो वा किन जानेन भन्ने मात्र होइन रहेछ । विद्यार्थीले कस्तो अनुभव गर्दै छ अब के गर्न सक्छ त्यसको लागि अरु के गर्नुपर्छ गर्न सकिन्छ र कसरी भन्ने प्रश्नहरू पनि अहम हुने रहेछन् । यी प्रश्नको उत्तर कुनै परिकार पकाउन सिकाउने रेसिपी जस्तै गरी नआउने रहेछ, किन भने मान्छेले ज्ञान आर्जन गर्ने मात्र होइन, उसले त ज्ञान निर्माण पनि गर्ने रहेछ । ज्ञानको निर्माण दिमागमा हुने रहेछ र विद्यार्थीको दिमागमा के कस्तो ज्ञान निर्माण हुँदैछ भन्ने कुरा लेखाजोखा गर्ने काम जसलाई हामी शैक्षणिक भाषामा मूल्याङ्कन भन्छौं, निरन्तर गरिरहनुपर्ने रहेछ । निरन्तर विद्यार्थी मूल्याङ्कनले प्रत्येक विद्यार्थीको फरक फरक सिकाई क्षमता हुन्छ, इच्छा, भावना र आवश्यकता फरक फरक हुन्छन् र शिक्षक चाहीँ ती कुराहरूलाई सम्मान गर्ने, आत्मसात गर्ने न्याय गर्ने र समन्वय गर्ने कार्यमा निरन्तर रूपमा लागिरहनुपर्ने रहेछ । मूल्याङ्कन शब्दको शब्दिक अर्थ मूल्य दिनु हो । शिक्षकले शिक्षण सिकाइ प्रक्रियामा विद्यार्थीको बारेमा समेटेको सम्पूर्ण अनुभवबाट प्राप्त गरेका सूचना र विद्यार्थी आफैले र उसका साथीहरूले समेत प्राप्त गरेको अनुभव र सूचनाको समग्र लेखाजोखालाई मूल्याङ्कन भनिने रहेछ ।

राष्ट्रिय शिक्षा योजना आयोग (२०११) का अनुसार साधारण तवरले प्रायः प्राथमिक स्तरको पाँच वर्षको अवधिमा हरेक केटाकेटी आफ्नो मण्डलको साथमा उन्नति गर्दै जानेछ । असफल अथवा योग्यतापूर्वक काम गर्न नसक्ने बालकलाई वारम्वारको परीक्षाद्वारा तिनीहरूलाई विग्रनु भन्दा अगाडिनै चाँडै पत्ता लगाउनु पर्छ (शर्मा, २०५९) ।

राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन (२०४९) का अनुसार मूल्याङ्कनलाई पठनपाठनका साथै वर्ष भरि चलिरहने एउटा नियमित सकारात्मक शैक्षिक क्रियाकलापका रूपमा लिनुपर्ने जनाएर र

प्रत्येक विद्यार्थीको प्रगति विवरण राख्ने र त्यसमा उसका सम्पूर्ण शैक्षिक र अतिरिक्त क्रियाकलापको समेत विवरण समावेश गरिनुपर्छ भनेको छ (शर्मा,२०५९) ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९) का अनुसार आधारभूत तहको कक्षा सातसम्ममा विद्यार्थीलाई अनुत्तीर्ण नहुने गरी चरणबद्ध रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कन विस्तारै अपनाउने कुरा निर्देश गरेको छ (अधिकारी,२०६९) ।

ब्लुम (१९८४) का अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनको सुरुवात निर्माणात्मक मूल्याङ्कनको अवधारणसँगै शुरु भएको हो । सन् १९९० को दशकमा अफ्रिका लगायतका विकासशील देशहरूमा प्रचारप्रसार हुँदै यस नामबाट परिचित बनेको हो । अहिले विद्यार्थी मूल्याङ्कनमा रहेका सम्पूर्ण वैकल्पिक मूल्याङ्कन प्रक्रियाहरू जस्तै Authentic assessment, portfolio assessment, performance assessment लगायत विषयहरू समेटिने हुनाले यो अझ प्रभावकारी बन्दै गएको ठानिन्छ (गौतम, २०६८ बाट उद्धृत) ।

पाठ्यक्रम विकास केन्द्र (२०६३) काअनुसार मूल्याङ्कनलाई निर्णयात्मक र निर्माणात्मक हुने भनिएको छ । मूल्याङ्कनका विधिमा औपचारिक र अनौपचारिक दुवै तरीका अपनाउने कुरा उल्लेख गरिएको छ । मूल्याङ्कनका प्रकृयामा बाह्य र आन्तरिक दुवै किसिमको बनाउने उल्लेख छ साथै निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइ उद्धार कक्षोन्नतीको नीति अपनाईने छ भन्ने कुरा उल्लेख गरिएको छ । मूल्याङ्कनलाई राष्ट्रिय पाठ्यक्रम विकास केन्द्र २०६३ ले उदारताको नीति अपनाइएकोले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीसँग सान्दर्भिक देखिन्छ । मूल्याङ्कनमा सरलता र सहजता ल्याउने परीक्षा समितिहरू बनाउनु पर्छ भन्ने सुझाव राखिएको छ । प्राथमिक तहको कक्षा १-३ मा निरन्तर मूल्याङ्कन प्रणालीमा उल्लेखित मापदण्डलाई आधार बनाई विद्यार्थी मूल्याङ्कन प्रणालीमा उल्लेखित मापदण्डलाई आधार बनाई विद्यार्थी मूल्याङ्कन गरी कमजोरीहरू समयमानै पत्ता लगाई सुधारका उपाय अपनाउन आवश्यक देखिन्छ ।

शर्मा (२०५९) का अनुसार मूल्याङ्कन कार्य एकपटक गरेर सम्पन्न हुने होइन यो निरन्तर चलिरहने प्रक्रिया हो । विद्यार्थी भनेको गिलो माटो सरह हो । उसलाई जे सिकायो त्यही सिक्दछ । अतः पाठ्यक्रमले तोकेका उपलब्धिहरू प्राप्तीका लागि उसलाई अभ्यस्त गरेको हुनुपर्दछ । उसको कमीकमजोरीहरूलाई पत्ता लगाई विभिन्न काममा वारम्बार सामेल गराई उनीहरूको उपलब्धि पत्ता लगाउने पद्धतिनै निरन्तर मूल्याङ्कन प्रक्रिया हो । विद्यार्थीहरूले प्राप्त गरेका विभिन्न ज्ञान, सीप, आचरण प्रवृति र क्रियाकलापहरू आदि सबै विद्यार्थीहरूका उपलब्धिहरू हुन । यस्ता सिकाइ उपलब्धिहरूको मापनमा लिखित परीक्षामात्र पूर्ण हुँदैन । यसको लागि शिक्षकले पृष्ठपोषणका

आधारमा सुधारात्मक शिक्षण गर्दै आए अनुसार विकसित भएको ज्ञानात्मक पक्षको साथसाथै सीप तथा व्यावहारिक विकासको पनि लेखाजोखा गरिरहनु पर्दछ । त्यसैले निरन्तर मूल्याङ्कन गर्नका लागि उद्देश्य छनौट गर्नुपर्दछ । उद्देश्य अनुसार विधिको छनौट हुन्छ, विधिको प्रयोग गरी गरिएको मूल्याङ्कनबाट सूचना प्राप्त गरिन्छ र यसका आधारमा सिकाइ उपलब्धिमा सुधार गर्न सहयोग मिल्ने हुनाले निरन्तर मूल्याङ्कन प्रणाली सार्न्दभिक देखिन्छ ।

शिक्षा विभाग (२०५९) का अनुसार विद्यार्थीहरूमा परीक्षाको समयमा लिने अनावश्यक चिन्ताले उनिहरूमा डर, त्रासको भावना उत्पन्न गराउँछ । त्यही त्रास विद्यार्थीहरूको परीक्षामा असफलताको कारक तत्व पनि हुन पुग्दछ र प्रत्यक्ष वा अप्रत्यक्षरूपमा त्यसको प्रतिकुल प्रभाव परीक्षाको नतिजामा पनि पर्न जान्छ । वालबालिकाको अनावश्यक डर त्रास हटाई सहज सरल र स्वाभाविक रूपमा परीक्षालाई शिक्षण सिकाइ प्रकृयाको एउटा अभिन्न अङ्गको रूपमा मात्र लिने वातावरणको सृजना गर्नुपर्ने कुरा उल्लेख छ । त्यसकारण उक्त लेखमा परीक्षामा सफलता प्राप्त गर्नका लागि सरोकारवालाहरूलाई जस्तै शिक्षक विद्यार्थी र अभिभावकको भूमिका स्पष्ट पार्ने कुरामा जोडदिएको छ ।

ब्ल्याक र विलियमले नौ वर्ष लामो अनुसन्धानमा १६० जर्नलमा छापिएको ५८० वटा अनुसन्धानमूलक लेखको अध्ययनमा समेटिएको थियो । त्यो अध्ययनले निरन्तर विद्यार्थी मूल्याङ्कनको अवधारणालाई दरिलो आधार प्रदान गरेको छ । त्यो अनुसन्धानको निचोडले भन्छ "निर्माणात्मक मूल्याङ्कन (निरन्तर चलिरहने) ले विद्यार्थीमा सिकाइको रूचि जगाइदिन्छ, आत्मनिभर्रता बढाउछ तार्किक क्षमता र योजना निर्माण क्षमताको विकास गरिदिन्छ । मूल्याङ्कन निरन्तर हुदा यसको विश्वसनीयता बढ्ने विद्यार्थीले समयमै पृष्ठपोषण पाउने साथै सिकाइ प्रक्रियामा विद्यार्थी तथा शिक्षक दुवैको गुणस्तरीय सहभागिता रहने कुराको निष्कर्ष दिएका छन् ( गौतम, २०६८ बाट उद्धत) ।

विल्स र वाटैन्यलका अनुसार 'गर या मर' को स्थीति झल्कने एउटै मात्र अवसर, प्रगति र जाँचभन्दा निरन्तर चलिरहने र धेरै किसिमका क्रियाकलाप संलग्न भएको मूल्याङ्कन राम्रो हो भनेका छन् । उनिहरूले मूल्याङ्कनको प्रमुख उद्देश्य सिकाइको स्तरोन्नति हुनुपर्ने बताएका छन् (गौतम, २०६८ बाट उद्धृत) ।

अधिकारी (२०६९) को अनुसार मूल्याङ्कन भनेको निरन्तर चलिरहने प्रक्रिया हो । तर हाम्रा विद्यालयहरूमा मूल्याङ्कनलाई परीक्षाका रूपमा सीमित राख्ने परिपाटी भएकोले वास्तविक रूपमा मूल्याङ्कनको आशय र मर्म अनुरूप वास्तविक मूल्यांकन हुन सकिरहको छैन । वास्तवमा शिक्षाको

गुणात्मक विकासका लागि निरन्तर मूल्यांकन आवश्यक पर्दछ । हाम्रो देशमा प्राथमिक शिक्षाको गुणात्मक पक्ष सन्तोषजनक हुन नसकेकोले प्राथमिक तहमा निरन्तर मूल्यांकन प्रणाली लागू गर्ने प्रयास भएको पाइन्छ । प्राथमिक शिक्षाको गुणात्मक विकास गर्न र प्राथमिक शिक्षा पूरा नगरी वीचैमा विद्यालय छाड्ने विद्यार्थी संख्या घटाउन आवधिक लिखित परीक्षा प्रणाली पनि वाधक भएको महसुस गरी नेपाल सरकार शिक्षा तथा खेलखुद मन्त्रालयले नवौ योजना देखि प्राथमिक तहका कक्षा १ देखि ३ सम्मका लागि परीक्षणका रुपमा निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली सुरुवात गरेको छ । यस निरन्तर मूल्यांकन प्रणाली लागू गर्नाले विद्यालयमा भर्ना भएका बालवालिका असफल हुने, कक्षा दोहोऱ्याउने र विचैमा विद्यालय छाड्ने प्रवृत्ति घटाउँदै शिक्षाको गुणात्मक विकास गर्न सघाउ पुऱ्याउने आशा राखिएको पाइन्छ ।

## २.२ सैद्धान्तिक आधार

यस अध्ययनबाट उपलब्ध तथ्य एवं तथ्याङ्कहरूलाई विश्लेषण गर्न विभिन्न विद्वानहरूले दिएको सैद्धान्तिक खाकालाई प्रमुख खाकाको रूपमा प्रयोग गरिएको छ । विभिन्न चिन्तकहरूले आ-आफ्नो विषयमा दिइएका अभिमतहरूलाई यस अध्ययनको मूलकसिको रूपमा लिइएको छ ।

भिगुत्सिकीका (१९७८) अनुसार विद्यार्थीको उपलब्धि उच्च छ भनेर शिक्षकले चित्त बुझाएर वस्नु हुन्न, अझ उच्च बन्ने तथा नयाँ किसिमको सिकाइ अथवा ज्ञान निर्माणको सम्भावना देख्नु पर्छ भन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन वा निर्माणात्मक मूल्याङ्कनले पनि त्यही वाटो समात्छ ( गौतम, २०६८ बाट उद्धृत) ।

टाइलर (१९३०) ले उल्लेख गरे अनुसार शैक्षिक कार्यक्रमका उद्देश्यहरू कति प्राप्त भए त्यसको लेखाजोखा गर्नु नै मूल्याङ्कन हो । त्यसैले मूल्याङ्कन उद्देश्य उन्मूख हनु पर्दछ, भनी उद्देश्य उन्मुख मूल्यांकन विधी प्रयोगमा ल्याए । उनका नमूना अनुसार कार्यक्रमका सम्पूर्ण क्रियाकलापहरू, प्रक्रिया, संगठन र साधानहरु एवं उद्देश्य उन्मूख हनुपर्दछ । जवसम्म कार्यक्रमका उद्देश्यहरूको क्रियात्मक परिभाषा गरिदैन तवसम्म कार्यक्रमको प्रभावकारिता थाहापाउन सकिदैन । साथै उनको विश्वासमा शैक्षिक कार्यकर्ताहरूले शिक्षाका सामान्य उद्देश्यहरूको महत्व र अर्थका बारेमा छलफल गर्नुपर्दछ र ती उद्देश्यहरूको क्रियात्मक परिभाषा किटान गर्नु पर्दछ जसले गर्दा उपयुक्त मापन प्रक्रियाको आधारमा कार्यक्रमबाट कति उदेश्य प्राप्त भए वा कार्यक्रमको उपलब्धि के देखियो भन्ने कुरा लेखाजोखा गर्न सकिन्छ । शिक्षकलाई कार्यात्मक, दक्ष र स्वतन्त्र व्यावसायिक व्यक्तिको रूपमा स्थापित गरी आफ्नो कामको अझै जाँच गर्न सक्ने अवसर उनीहरूलाई

मूल्याङ्कनले प्रदान गर्दछ । यसरी मूल्याङ्कनलाई गतिशिल प्रक्रियाको रूपमा लिनुपर्दछ । यसरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउनको लागि तथा सिकाइ उपलब्धि वृद्धि गर्नका लागि उद्देश्य प्राप्ति गर्न तर्फ उन्मूख हुँदा कार्यक्रमको प्रगति र सिकाई उपलब्धि अध्ययन गरी विश्लेषण गर्न यो सिद्धान्तलाई आधार बनाइएको छ (खनाल, २०६६) ।

थर्नडाइक (१९१३) ले आफ्नो सिद्धान्तलाई प्रमाणित गर्ने क्रममा पजल बक्समा थुनेर राखेको भोको विरालो माथि प्रयोग गरेका थिए । पजल बक्समा थुनेर राखेको विरालो खाना प्राप्त गर्न क्रममा विभिन्न क्रियाकलाप गर्ने क्रममा प्रयत्न र भूलको आधारमा अचानक खाना प्राप्त गऱ्यो । प्रत्येक पटकको प्रयासमा विरालोले कम समयमा खाना खान सक्थ्यो । अतः सिकाई भनेको ठीक व्यवहारलाई आत्मसात गर्न तथा बेठीक व्यवहारलाई त्याग्दै जानु हो । सिकारुले पनि सिक्ने क्रममा विभिन्न प्रयासहरू गर्दागर्दै र प्रतिक्रियाहरू दिदाँ दिदै अचानक सफलता प्राप्त गर्न सक्नु र सही समाधान वा प्रयासले मात्र स्थायी रूपले सिकाई स्थायी तथा प्रभावकारी हुने कुरामा जोड दिएको थिए । शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि पाठ्यक्रमले तोकेको क्रियाकलाप तथा शैक्षिक सूचकहरूलाई क्रमशः अभ्यस्त बनाउदै निचोडमा पुग्नु पर्दछ । अभ्यासले मानिसलाई सिकाई प्रति दत्तचित तथा उत्प्रेरित बनाउन मदत गर्ने हुँदा विद्यार्थी मूल्याङ्कनका क्रममा विद्यार्थीहरूलाई दैनिक रूपमा प्रत्यक्ष रूपमा सरिक गराउदै निष्कर्षमा पुग्ने कुराको अध्ययन गर्नका लागि यो सिद्धान्तलाई आधार बनाएको छ (शर्मा एण्ड शर्मा, २०६८) ।

## २.३ पुनरावलोकनको उपदेयता

विभिन्न लेख तथा रचनाको अध्ययन र विश्लेषण गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कनले मूल्याङ्कन गर्दा एकचोटी मात्र हेर्ने वा एउटै मात्र अवसर दिने परिपाटीको अन्त्य गरिदिन्छ । यसले गर्दा विद्यार्थीको लागि उनिहरूको क्रियाकलापको मूल्याङ्कन 'गर' वा 'मर' प्रकृत्तिको हुदैन । यसरी विद्वानहरूका विचार लेख रचनाको अध्ययन गर्ने अवसरबाट अनुसन्धान कर्तालाई गहिराइ सम्म पुग्ने अवसर प्राप्त भएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

साधारणतया विधि भन्नाले कुनै काम गर्ने शैली वा तरीका भन्ने बुझिन्छ । कुनै पनि काम गर्नलाई कुनैन कुनै विधि वा तरीका अपनाउनु पर्ने हुन्छ । तशर्थ यस अनुसन्धानलाई पूरा गर्न निम्नानुसार अध्ययन विधिको छनौट गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

प्रस्तुत अध्ययन प्रश्नावली, अवलोकन फाराम, अन्तवार्ता विद्यालयबाट प्राप्त अभिलेख, जिल्ला शिक्षा कार्यलयबाट प्राप्त अभिलेखका आधारमा गरिएको छ । प्रस्तुत अध्ययन सामुदायिक प्राथमिक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनको अवस्था पहिचान गर्ने उद्देश्य राखेर गरिने भएकाले यस अध्ययनमा परिमाणात्मक र गुणात्मक दुवै ढाँचा प्रयोग गरिएको छ ।

## ३.२ जनसंख्या

यस अध्ययनको जनसंख्याको रूपमा मोरङ जिल्ला बाहुनी स्रोतकेन्द्र अन्तर्गत पर्ने सामुदायिक विद्यालयका जम्मा २४ जना प्र.अ., जम्मा ७६८ शिक्षक, जम्मा ९५५५ जना विद्यार्थी, वि.व्या.स. का २४ जना अध्यक्ष तथा पदाधिकारी, अभिभावक, स्रोतव्यक्ति, वि.नि. यस अध्ययनका जनसंख्याको रूपमा रहेका छन् ।

## ३.३ नमुनाको आकार र नमुना छनौट विधि

अनुसन्धानकर्ताले अध्ययनको लागि निर्धारण गरेको पूरै जनसंख्यालाई प्रत्यक्ष सम्पर्क गरी अध्ययन गर्न असम्भव हुने भएकोले निर्धारित जनसंख्याबाट सामान्य सम्भावना युक्त नमुना छनौट विधिबाट जम्मा १६ जना विद्यार्थी, १२ जना अभिभावक, १२ जना शिक्षक, ४ जना प्र.अ., १ जना स्रोतव्यक्ति र १ जना वि.नि. छनोट गरिएको छ ।

## ३.४ नमुनाको छनौटको आधार

प्रस्तुत अध्ययन एम.एड तहको दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि गरिने हुनाले अनुसन्धानकर्तालाई प्राप्त साधन, स्रोत र समयका आधारमा सम्पन्न गरिने हुनाले यसको

नमुना छनौट गर्दा भौगोलिक परिवेश, समावेशीपना तथ्याङ्कको उपलब्धता र वैधता समेतलाई आधार मानी नमुनाको छनौट गरिएको छ ।

### ३.५ अनुसन्धानका साधनहरू

प्रस्तुत अध्ययन गर्नका लागि अनुसन्धानकर्तालाई आवश्यक पर्ने सूचना तथा तथ्याङ्क संकलन गर्न निम्नानुसार अध्यनयको साधनहरू प्रयोग गरिएको छ ।

#### ३.५.१ विद्यालय सर्वेक्षण फारम

नमुनामा परेका विद्यालयमा प्रयोग भइरहेका र निरन्तर मूल्याङ्कन प्रणालीले शिक्षण सिकाइ प्रक्रियामा पारेको प्रभावको कार्यान्वनयका अवस्थाहरूमा विविध सूचनाहरू प्राप्त गर्न अवलोकन फारामको प्रयोग गरिएको छ । जसलाई अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

#### ३.५.२ अन्तर्वार्ता प्रश्नावली

नमुनामा परेका विद्यालयमा कार्यरत प्र.अ. शिक्षक, स्रोतव्यक्ति र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट विद्यालयमा प्रयोग भइरहेका र निरन्तर मूल्याङ्कनको विभिन्न व्यवस्था र प्रक्रियाका बारेमा विविध सूचनाहरू प्राप्त गर्न प्रश्नावली निर्माण गरिएको छ । जसलाई अनुसूची २,३,४,५ र ७ मा प्रस्तुत गरिएको छ ।

#### ३.५.३ प्रश्नावली

नमुनामा परेका विद्यालयका शिक्षकहरूबाट विद्यालयमा प्रयोग भइरहेका निरन्तर मूल्याङ्कनको विभिन्न व्यवस्था र प्रक्रियाका बारेमा विविध सूचनाहरू प्राप्त गर्न प्रश्नावली निर्माण गरिएको छ । जसलाई अनुसूची ६ मा प्रस्तुत गरिएको छ ।

### ३.६ तथ्याङ्कको स्रोत

कुनै पनि अध्ययन अनुसन्धान गर्नको लागि आवश्यक तथ्याङ्कको आवश्यक पर्दछ । प्रस्तुत अध्ययन गर्नको लागि निम्नानुसार प्राथमिक तथा द्वितीय स्रोतहरूबाट तथ्याङ्कको संकलन गरिएको छ ।

### ३.६.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत भन्नाले अनुसन्धान कर्ताले आफ्नो अनुसन्धानसँग सम्बन्धित तथ्याङ्को संकलन गर्न सम्बन्धित क्षेत्रमा अनुसन्धान कर्ता आफै क्षेत्रमा जाने गर्दछ ।

प्रस्तुत अनुसन्धान गर्नको लागि अनुसूची २,३,४,५ (क), (ख), ६ र ७ मा उल्लेख भए बमोजिमका प्रश्नहरूबाट आवश्यक छलफल गरी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.६.२ द्वितीय स्रोतहरू

अनुसन्धानका लागि विभिन्न पत्रपत्रिकाबाट प्रकासित लेख, रचना, बुलेटीनबाट प्रकासित सामग्रीहरूबाट सूचनाहरू संकलन गरिएको छ ।

प्रस्तुत अनुसन्धानका लागि द्वितीय तथ्याङ्को लागि अभिलेख, जिल्ला शिक्षा कार्यालय र पाठ्यक्रम विकास केन्द्रबाट प्राप्त तथ्याङ्क साथै निरन्तर विद्यार्थी मूल्याङ्कन निर्देशिका, शिक्षक तालिम निर्देशिका शिक्षासँग सम्बन्धित विभिन्न लेख रचना बुलेटिनबाट गरिएको छ ।

### ३.७ तथ्याङ्क संकलन प्रक्रिया

प्रस्तुत शोधपत्र तयार गर्नको लागि अर्न्तवार्ता, छलफल, अभिलेखहरूको अध्ययन र शिक्षासँग सम्बन्धित विभिन्न लेख, रचना, बुलेटिनहरूको अध्ययनबाट तथ्याङ्क संकलन गरिएको छ ।

### ३.८ तथ्याङ्कको विश्लेषण प्रक्रिया

तथ्याङ्कको प्रकृति अनुसार तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ । परिमाणात्मक तथ्याङ्कलाई प्रतिशत तथा तालिकामा प्रस्तुत गरि विश्लेषण गरिएको छ । गुणात्मक तथ्याङ्कहरूलाई तार्किकताको आधारमा व्याख्या गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको प्रस्तुतिकरण व्याख्या तथा विश्लेषण

यस अनुसन्धानका क्रममा भएको प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त भएको तथ्याङ्कलाई तालिकीकरण तथा सैद्धान्तिक अवधारणाहरूलाई वर्णानात्मक विधिको प्रयोग गरी निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीको सिकाइ प्रक्रियामा कस्तो प्रभाव पारेको छ ? यसको सुधारात्मक पक्षका बारेमा थप जानकारी गराउने प्रयास गरेको छ ।

## ४.१ निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनको अवस्था

परिमार्जित प्राथमिक पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिम हाल कक्षा १-३ सम्म निरन्तर मूल्याङ्कन प्रणालीको व्यावस्था गरिएको हो । परम्परागत मूल्याङ्कन प्रणाली खासगरी प्रचलित रहेको वार्षिक र अर्धवार्षिक परीक्षाले विद्यार्थीको कोरा किताबी ज्ञानको मात्र आवधिक मूल्याङ्कन गर्ने गरेको पाइयो जसले गर्दा विद्यार्थीको दैनिक व्यावहारको विभिन्न कला, सीप, कौसल, व्यवहारको मूल्याङ्कन ओझेलमा पर्दै एकातिर एक समस्या रहेको पाइयो भन्ने अर्कोतिर विद्यार्थीको मूल्याङ्कन वार्षिक रूपमा मात्र गरिदा फेल भए कक्षा दोहोऱ्याउने, वीचैमा छाडेर जाने समस्या पाइयो । जसले गर्दा राष्ट्रले ठूलो क्षति बेहोर्नुपऱ्यो । सिकाइ निरन्तर चलिरहने प्रक्रिया हो । यो दैनिक जीवनको अभिन्न अङ्ग हो । यसरी दैनिक जीवनका हरेक क्रियाकलाप वा व्यावहारलाई निरन्तर अवलोकन अध्ययन गर्न निरन्तर मूल्याङ्कन प्रणाली लागु गरिएको हो ।

हाल लागु गरिएको निरन्तर मूल्याङ्कन प्रणालीको वर्तमान अवस्था के कस्तो छ? के कसरी प्रयोग गरिएको छ ? के कस्तो सिकाइ उपलब्धि प्राप्त भएको छ ? भन्ने तथ्याङ्कहरू पत्ता लगाउनु विविध साधनको प्रयोग गरी तथ्याङ्क संकलन गर्न शिक्षाविद्, वि.व्या.स., पदाधिकारी, शिक्षक, पदाधिकारी, शिक्षक, प्र.अ. अभिभावक, विद्यार्थी, स्रोतव्यक्ति तथा वि.नि.हरूसँग गरिएको अन्तरक्रिया र भराइएको फारम तथा स्थलगत अवलोकन अध्ययनबाट प्राप्त तथ्याङ्कहरूलाई निम्नानुसार विभिन्न उपबुँदाहरूमा विभाजन गरी प्रस्तुत र विश्लेषण गरिएको छ ।

### ४.१.१ निरन्तर मूल्याङ्कन प्रणालीको वर्तमान अवस्था

विद्यालय तहको पहिलो तह प्राथमिक तहमा हाल लागु गरिरहेको निरन्तर मूल्याङ्कन प्रणालीलाई श्री महेन्द्र मा.वि., श्री लक्ष्मी उ.मा.वि. , श्री काली उच्च मा.वि. र श्री एकता प्रा.वि. मा गरिएको अध्ययनबाट निरन्तर विद्यार्थी मूल्याङ्कन परीक्षा, परीक्षा प्रणाली, मिश्रित र आवश्यकता अनुसार दुवै प्रणाली अनुसार प्रयोगको स्थीति यस्तो रहेको पाइयो ।

तालिका १ : विद्यार्थी मूल्याङ्कनको वर्तमान तरिका

| क.स. | विवरण | जम्मा शिक्षक सङ्ख्या | प्रयोग गर्ने शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | निरन्तर विद्यार्थी मूल्याङ्कन | १२ | १ | ८.३३ |
| २. | परीक्षा प्रणाली | १२ | ७ | ५८.३३ |
| ३. | मिश्रीत | १२ | २ | १६.६७ |
| ४ | आवश्यकता अनुसार दुवै | १२ | २ | १६.६७ |
| | जम्मा | | १२ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७०

माथि प्रस्तुत तालिका अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाबाट विद्यार्थी मूल्याङ्कन गर्ने १ जना शिक्षक रहेको पाइयो । त्यसैगरि परीक्षा प्रणालीबाट मूल्याङ्कन गर्ने शिक्षक संख्या ७ जना, मिश्रित प्रणालीअनुसार २ जना र आवश्यकता अनुसार दुवै विधिबाट मूल्याङकन गर्ने शिक्षक संख्या २ जना रहेको पाइयो ।

शिक्षकहरूसँग गरिएको अन्तरक्रिया र अवलोकनबाट अनुसन्धान कर्ताले अध्ययन गरिएको विद्यालयहरूमा अझै पनि परीक्षा प्रणालीले नै मुख्य मूल्याङ्कनको औजार बनाएको पाइयो ।निरन्तर मूल्याङ्कन प्रणाली अपनाइएका विद्यालयका शिक्षकले पनि आवश्यक न्यूनतम मापदण्ड समेत प्रयोग नगरेको पाइयो । मूल्याङ्कन क्षेत्रमा अवलोकन पनि एउटा साधनको रूपमा स्वीकारेको भएपनि परीक्षा र अवलोकन मिश्रित तरिका पनि अपनाएको पाइयो ।

निर्माणवादका अनुसार विद्यार्थीको उपलब्धि छ भनेर शिक्षकले हात बाँधेर बस्नु हुँदैन, प्राप्त उपलब्धिलाई अझै परिष्कृत बनाउँदै लानुपर्दछ भन्दछ यही कुरालाई निरन्तर मूल्याङ्कन प्रणालीले मात्र सम्भव हुने हुनाले निरन्तर मूल्याङकन प्रणालीद्वारा मात्र विद्यार्थीहरूको उपलब्धि वृद्धि गर्न उल्लेख्य सहयोग पुग्दछ तर यहाँ परीक्षा प्रणाली बढी प्रयोगमा आइरहेको र विद्यार्थीको क्षमताहरू मूल्याङ्कन गर्न नसकी सिकाई उपलब्धि समान्य रहेको पाइयो ।

## ४.१.२ निरन्तर मूल्याङ्कन प्रणालीको अनुगमन

निरन्तर मूल्याङ्कन प्रणालीको अवस्था बारे अनुसन्धान कर्ताको अध्ययन गर्नु पर्ने विद्यालयमा अनुगमन गर्दा निम्न तथ्यहरू प्राप्त भयो ।

तालिका २ : विद्यार्थी मूल्याङ्कन प्रणालीको अनुगमन

| क्र.स. | विवरण | जम्मा शिक्षक संख्या | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | निरन्तर मूल्याङ्कन प्रणलीको अनुगमन भएको छ | १२ | १ | ८.३३ |
| २. | निरन्तर मूल्याकन प्रणाली अनुगमन भएको छैन | १२ | ८ | ६६.६६ |
| ३ | प्र.अ.को काम हो | १२ | २ | १६.६७ |
| ४ | वि.व्य.स. को काम हो | १२ | १ | ८.३३ |
|  | जम्मा |  | १२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

प्रस्तुत तालिका अनुसार निरन्तर मूल्याङ्कन प्रणालीको अनुगमन भएको छ ? भन्ने प्रश्न अनुसन्धान कर्ताको अध्ययन क्षेत्रको नमुनामा परेका १२ जना शिक्षकहरूमा प्रश्नगर्दा १ जना मात्र शिक्षकले अनुगमन भएको छ भन्ने जवाफ दिनु भयो भने ८ जना शिक्षकले भएको छैन भन्ने जवाफ दिनु भएको थियो । यो त प्र.अ.को काम हो भन्ने शिक्षक संख्या २ जना र वि.व्य.स.को काम हो भन्ने शिक्षक संख्या १ जना रहेको पाइयो ।

विद्यार्थी मूल्याङ्कन अत्यन्त आवश्यकीय पक्ष भए पनि अनुसन्धान कर्ताको क्षेत्रका विद्यालयमा अध्ययन गर्दा माथिल्लो निकायबाट गरिएको अनुगमनको अवस्था ज्यादै न्यून रहेको र निरीक्षण पुस्तिकामा राय सुझाव, कमिकमजोरी र निर्देशन गरिएको पाइएन । विद्यालय व्यवस्थापन समीतिका अध्यक्षहरू र स्रोतव्यक्तिबाट पनि अनुगमन गर्ने गरिएको छैन भन्ने उत्तर प्राप्त भयो । शिक्षाविद ट्यालरका अनुसार कुनै पनि कामका पछाडी निश्चित उद्देश्य हुन्छन् । ती उद्देश्यहरू के कति प्राप्त भए वा भएनन् भनी मूल्याङ्कन गर्नुपर्ने हुन्छ । यसरी गरिएको हरेक कार्यको लक्षित सिमारेखा पार गर्नको लागि अनुगमन एक महत्वपूर्ण आधार हो जुन तथ्य विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणाली कार्यन्वयन गराउनका लागि यसको अभाव रह्यो ।

### ४.१.३ पाठ्यक्रमले निर्धारण गरेको मापदण्ड प्रयोगको अवस्था

अनुसन्धान कर्ताको अध्ययनको ४ वटा विद्यालयका १२ जना शिक्षकहरूले पाठ्यक्रम तथा पाठ्यपुस्तकमा उल्लेख भएका पाँचवटा मापदण्डहरूलाई मूल्याङ्कनका आधारमा निम्नानुसार बनाइएको पाइयो ।

तालिका ३ : पाठ्यक्रमले तोकेको मापदण्डको अवस्था

| क.स. | आधार | प्रयोग गर्ने शिक्षक | प्रयोग नगर्ने शिक्षक |
|---|---|---|---|
| १ | कक्षाकार्य | १० | २ |
| २ | परियोजा कार्य | ९ | ३ |
| ३ | व्यावहार परिवर्तन | ५ | ७ |
| ४ | सिर्जनात्मक कार्य | ८ | ४ |
| ५ | हाजिरी | ८ | ४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथि प्रस्तुत तथ्याङ्कका आधारमा हेर्दा कक्षाकार्यलाई तथा गृहकार्यलाई प्रयोग गर्ने शिक्षक सबैभन्दा बढी १० जना रहेका पाइयो भने २ जनाले नगरेको पाइयो । परियोजना कार्यलाई ९ जनाले प्रयोग गर्ने गरेको पाइयो भने ३ जनाले प्रयोग नगरेको पाइयो । सिकाइले व्यवहार परिर्वतन गर्नुपर्दछ भन्ने तथ्यलाई आत्मसाथ गर्ने विद्यार्थीको व्यहवारमा परिवर्तन भए नभएको अवलोकन गरी मूल्याङ्कन गर्ने शिक्षक ५ जना पाइयो भने यसको प्रयोग नगर्ने शिक्षक संख्या ७ जना पाइयो । सिजर्नात्मक कार्यको पहिचान गरी विभिन्न कार्यमा दक्षता भएका विद्यार्थीहरूको आधारमा मूल्याङ्कन गर्ने शिक्षक ८ जना र प्रयोग नगर्ने ४ जना पाइयो । नियमित विद्यालय उपस्थिति हुने विद्यार्थीहरूको प्रगति विवरणलाई आधार बनाएर मूल्याङ्कन गर्ने शिक्षक ८ जना पाइयो भने यसलाई वास्ता नगर्ने शिक्षक ४ जना रहेको पाइयो ।

माथि उल्लेखीत तथ्याङ्कलाई विश्लेषण गर्दा पाठ्यक्रम पाठ्यपुस्तकले निर्धारण गरेको आधारलाई धेरै शिक्षकले अझै पनि मूल्याङ्कलाई प्रभावकारी प्रयोग गरेको पाइएन । निरन्तर मूल्याङ्कन प्रणालीको मापदण्ड, प्रयोग गर्ने, सीप, प्रभावकारी तालिमको अभाव, साधन स्रोतको अभाव दक्ष जनशक्तिको अभाव र झन्झटिलो मान्ने कारणले गर्दा निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयमा कठिनाइ आएको हो कतिपय अवस्थामा विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणालीका कतिपय न्यूनतम मापदण्ड समेत पूरा नगरी प्रयोग गरी विद्यार्थीलाई माथिल्लो कक्षामा स्तर उन्नति गर्दा माथिल्लो कक्षाको आसातित सिकाइ उपलब्धि प्राप्त नहुने गर्दा निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारीतामा प्रश्न चिन्ह देखा परेको स्थिति छ । प्रस्तुत विषयमा छलफल गर्दा पाठ्यक्रमले तोके अनुसारको जानकारी विद्यालयमा रेकर्डका रूपमा राख्न आवश्यक भएकाले अनौपचारिक रूपमा लिखित परीक्षालाई आधार बनाइ कतिपय मापदण्डमा रेजाको प्रयोग गर्ने तथ्य अध्यनको क्रममा पत्ता लागेको थियो ।

### ४.१.४ कार्यसंचयिका प्रयोगको अवस्था

कार्य संचयिका भनेको विद्यार्थीको दैनिक जीवनमा उनीहरूले गरेका कार्यहरूलाई संचित गरेर राख्ने कार्यलाई कार्य संचयिका भनिन्छ । यो कार्य निरन्तर मूल्याङ्कन प्रणालीमा अति आवश्यकीय पक्ष हो । यसले शिक्षक अभिभावक तथा सरोकारवाललाई विद्यार्थीको संक्षिप्त उपलब्धि बारे जानकारी दिन्छ ।

परिमार्जित वर्तमान प्राथमिक पाठ्यक्रमले विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्दा कक्षाकार्य, परियोजना कार्य, व्यवहार परिर्वतन, सिर्जनात्मक कार्य र हाजिरीका आधारमा विद्यार्थीका दैनिक मूल्याङ्कन गर्ने र उक्त सम्पूर्ण कार्यलाई एकत्रित रूपमा व्यक्तिगत रूपमा फाइलिङ्ग गर्ने गर्नुपर्दछ । यसरी विद्यार्थीका सम्पूर्ण गतिविधिलाई निरन्तर मूल्याङ्कनका आधारमा मूल्याङ्कन गर्नुपर्दछ ।

निरन्तर मूल्याङ्कन प्रणालीमा उल्लेखित पाँचवटा मापदण्डहरू कक्षाकार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, सिजर्नात्मक कार्य र हाजिरीको आधारमा विद्यार्थीका मूल्याङ्कन गर्ने र सिकाई उपलब्धिका पाठ्गत आधारमा उत्तम विद्यार्थीहरूलाई तीनवटा ठीक रेजा (✓✓✓) मध्यममा दुइवटा ठीक रेजा (✓✓) र निम्नमा एकवटा ठीक रेजा (✓) चिन्ह लगाउनु पर्दछ । अनुसन्धान कर्ताका अध्ययन क्षेत्रका ४ वटा विद्यालयका १२ जना शिक्षकहरूले कार्यसचयिका निर्माण गर्ने वा नगर्ने तथ्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ४ : कार्यसंचयिका निर्माण र प्रयोगको अवस्था

| प्रयोग गर्ने शिक्षक | जम्मा शिक्षक | प्रयोग नगर्ने शिक्षक | जम्मा शिक्षक |
|---|---|---|---|
| ९ | १२ | ३ | १२ |

स्रोतः स्थलगत सर्वेक्षण,२०७०

उक्त तालिकाका आधारमा हेर्दा कार्यसचयिका निर्माण गर्ने शिक्षकहरूको संख्या ९ जना र प्रयोग नगर्ने शिक्षक संख्या ३ रहेको पाइयो । निर्माण गर्ने शिक्षकहरू पनि तोकिएको ढाँचामा तयार गरिएको पाइएन । यसरी हेर्दा निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गतको एक अभिन्न अंग कार्यसंचयिका भएपनि यसका आधारमा विद्यार्थीको दैनिक र व्यक्तिगत अभिलेख राखेर विद्यार्थीका सिकाइ उपलब्धिको वर्तमान स्थीतिलाई मूल्याङ्कन गर्ने प्रणाली भए पनि अझै सम्म लिखित परीक्षालाई नै आधार बनाइएको पाइयो ।

## ४.२ निरन्तर मूल्याङ्कन प्रणालीले शिक्षण सिकाइ प्रक्रियामा पारेको प्रभाव

निरन्तर मूल्याङ्कन प्रणालीले विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्दछ । खासगरी विद्यार्थीहरूको दैनिक व्यावहारको व्यवहारिक पक्षहरूको व्यवहार परिवर्तनको वास्तविकताको मूल्याङ्कन गरी कमी कममजोरीहरू सुधार गर्न निर्देशन गर्दछ । यसले विद्यार्थीको सिकाइका क्षेत्रमा के कस्तो प्रभाव पारेको छ ? भन्ने सवालको जवाफ गर्दछ । यस प्रणालीले अध्ययन क्षेत्रमा के कस्ता प्रभाव पारेको छ भनि गरिएको अध्ययनबाट प्राप्त भएका तथ्याङ्कहरूलाई विभिन्न उपशीर्षकमा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.२.१ शिक्षण सिकाइमा शिक्षकको सहभागिता

प्रस्तुत अध्ययनमा अनुसन्धानकताको अध्ययन क्षेत्रको ४ ओटा विद्यालयमा अध्यापन गराउने शिक्षकहरू मध्ये १२ जना शिक्षकहरूले कक्षाकार्य र गृहकार्य कतिको परीक्षण गर्नुहुन्छ ? भनी १६ जना विद्यार्थीहरूमा प्रश्नगर्दा विद्यार्थीहरूको जवाफ निम्नानुसार प्राप्त भयो ।

तालिका ५ : कक्षाकार्यमा तथा गृहकार्य परीक्षणमा शिक्षकहरूको सहभागिता

| क.स. | विवरण | व्यवहार प्रदर्शन | शिक्षक सङख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | कक्षा कार्य | सधै | ३ | २५ | |
| | | कहिले काही | ५ | ४१.६६ | |
| | | कहिल्यै नगर्ने | ४ | ३३.३३ | |
| | | जम्मा | १२ | १०० | |
| २. | गृहकार्य | सधै | २ | १६.६६ | |
| | | कहिले काही | ६ | ५० | |
| | | कहिल्यै नगर्ने | ४ | ३३.३३ | |
| | | जम्मा | १२ | १०० | |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

कक्षाकोठामा शिक्षकहरूले विद्यार्थीको गृहकार्य तथा कक्षाकार्य परीक्षण गनुहुन्छ की हुदैन? भन्ने प्रश्नमा १६ जना विद्यार्थीहरूमा गर्दा जम्मा ३ जनाले शिक्षकमा कक्षाकार्य नियमीत परीक्षण गरेको पाइयो भने ५ जना शिक्षकले कक्षाकार्य कहिलेकाँही परीक्षण गरेको पाइयो भने ४ जना शिक्षकले परीक्षण नै नगरेको पाइयो । यसैगरी १६ जना विद्यार्थीहरूमा तपाईहरूले गरेर ल्याएको गृहकार्य तपाईहरूको शिक्षकले कतिको परीक्षण गर्नुहुन्छ ? भन्ने प्रश्नमा दुई जना शिक्षकले मात्र

नियमित परीक्षण गरेको पाइयो भन्ने ६ जना शिक्षकहरूले कहिलेकाँही र ४ जना शिक्षकहरूले परीक्षण नै नगरेको पाइयो ।

तपाईको विद्यालयमा शिक्षकहरू शिक्षण सिकाइ तथा निरन्तर मूल्याङ्कन प्रति कतिको जागरुक भएको पाउनु भएको छ ? भने प्रश्न श्री महेन्द्र मा.वि. का प्र.अ.लाई गर्दा उहाँ बताउन हुन्छ :

> शिक्षकको इच्छा शक्ति सबभन्दा महत्वपूर्ण हुन्छ । इच्छा शक्ति भएका शिक्षकले क्यासलाई धेरथोर कार्यान्वयनमा लानु भएको छ । इच्छा शक्ति र जाँगर नहुने शिक्षकले यसलाई प्रयोग गर्नु भएको छैन । सरकारले लादेको भन्दा पनि शिक्षकहरु आफैले यो मेरो काम हो भन्ने भावनाको विकास भएको खण्डमा सजिलै कार्यान्वयनमा ल्याउन सकिन्छ । अतः इच्छा शक्ति कसरी बढाउन सकिन्छ त्यस बारेमा राम्ररी छलफल गरेर उपयुक्त नीति र कार्यक्रम बनाउनु पर्दछ यति गरेको खण्डमा कार्यान्वयनमा कुनै शंका छैन् ।

यसरी उपयुक्त तथ्याङ्कलाई हेर्दा कक्षाकोठामा शिक्षकहरूको शिक्षण सिकाइ प्रक्रियामा सक्रियता मध्यमखालको पाइयो । निरन्तर मूल्याङ्कन प्रणालीको एक अभिन्न अङ्गमध्ये कक्षा तथा गृहकार्यको हो । शिक्षकले कक्षाकोठामा गृहकार्य तथा कक्षाकार्यहरू परीक्षण गर्दा जान्ने र नजान्ने विद्यार्थीहरू वीचमा भेदभाव गरेको पाइयो । खासगरी कक्षाकोठामा शिक्षकले प्रथम स्थानमा हुने विद्यार्थीको अभ्यास पुस्तिकाबाट अरु विद्यार्थीहरूको कक्षाकार्य तथा गृहकार्य परीक्षण गरेको पाइयो । सबैका लागि शिक्षा भन्ने सयुक्त राष्ट्रसंघको विश्वव्यापी घोषण अनुसार विद्यालयमा हरेक विद्यार्थीहरूले विनाभेदभाव विद्यार्थीका हरेक क्रियाकलापलाई समान तरीकाले मूल्याङ्कन गर्नुपर्दछ । यहाँ शिक्षकले विना भेदभाव विद्यार्थीका हरेक क्रियाकलाप समान रुपले परीक्षण गर्नु पर्नेमा उक्त कार्य नगरेको पाइयो ।

## ४.२.२ शिक्षण सिकाईमा विद्यार्थीको सहभागिता

कुनै पनि सिकाइका केही न केही उद्देश्यहरू हुन्छन् । ती उद्देश्यहरू प्राप्त गर्नको लागि शिक्षक विद्यार्थी वि.व्य.स. तथा सबै पक्षहरूको बराबर सहभागिता आवश्यक पर्दछ । शिक्षण सिकाइमा विद्यार्थीको सहभागिता अत्यन्त अनिवार्य छ ।

प्रस्तुत अध्ययनमा अनुसन्धान कर्ताको अध्ययन क्षेत्रका ४ वटा विद्यालयमा अध्ययनरत १६ जना विद्यार्थीहरूमा कक्षा क्रियाकलापका विभिन्न क्षेत्रहरू मध्ये कक्षाकार्य र गृहकार्य अन्तर्गतका सर्बेक्षणबाट प्राप्त तथ्यहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. ६ : कक्षा कार्यमा विद्यार्थीहरूको सहभागिता

| क्र.स. | विवरण | शिर्षक | विद्यार्थी सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | कक्षा कार्य | सधैं | ७ | ४३.७५ | |
| | | कहिले काँही | ६ | ३७.५० | |
| | | कहिल्यै नगर्ने | ३ | १८.७५ | |
| | | जम्मा | १६ | १०० | |
| २ | गृहकार्य | सधैं | ९ | ५६.२५ | |
| | | कहिले काँही | ५ | ३१.२५ | |
| | | कहिल्यै नगर्ने | २ | १२.५० | |
| | | जम्मा | १६ | १०० | |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

कक्षाकार्यमा विद्यार्थीहरूको सहभागिता कस्तो छ ? भनी गरिएको जम्मा १६ जना विद्यार्थीहरू मध्ये ७ जनाले उत्तसाहजनक सहभागिता गरेको पाइयो भने, ६ जनाले कहिले काँहि सहभागिता गरेको पाइयो भने र ३ जनाले नगरेको पाइयो त्यस्तै ९ जनाले सधैं गृहकार्य गरेको पाइयो भने ५ जनाले कहिले काही र २ जनाले नगरेको पाइयो ।

उपयुक्त तथ्याङ्कलाई हेर्दा विद्यार्थीहरूमा शिक्षण सिकाइ क्रियाकलापमा उनीहरूको रुचि सबै विद्यार्थीमा समग्र हेर्दा मध्यम खालको पाइयो । शिक्षकले कक्षाकोठामा आफ्नो शिक्षण क्रियाकलापमा जान्ने र नजान्ने विद्यार्थी बीचमा भेद गरिएको पाइयो । कक्षाकोठामा जान्ने विद्यार्थीलाई राम्रो गरेको र नजान्ने विद्यार्थीलाई त्यसै छाडिदिनाले समस्या झन जटिल बन्दै गइरहेको पाइयो । किन कक्षा क्रियाकलापमा विद्यार्थीहरू सक्रिय हुँदैनन भन्ने विषयमा आवश्यक छलफल गरेर वास्तविक समस्या पहिचान गरी निदानात्मक उपाय गरेर सबैले सिक्न पाउनु पर्ने तथ्यलाई सुनिश्चित गर्न सक्नु पर्दछ । स्काईमेनका अनुसार मुल्याङ्कन दार्शनिक तथा प्रयोगात्मक आधारमा सान्दर्भिक नहुने बरु तुलनात्मक मूल्याङ्कनका साधनहरू प्रयोग गरी सबै विद्यार्थीहरूलाई यस कार्यमा क्रियाशिल रूपमा सहभागी गराएर सिकाइ उपलब्धि बढाउन सकिन्छ ।

### ४.२.३ विद्यार्थीको व्यवहार परिवर्तनमा पारेको प्रभाव

सिकाइले व्यवहार परिवर्तन गर्नुपर्छ । खास गरी निरन्तर मूल्याङ्कन प्रणालीले विद्यार्थीको दैनिक व्यावहारमा के कस्तो प्रभाव पारेको छ भनी मूल्याङ्कन गर्दछ । अध्ययनको क्रममा अनुसन्धान कर्ताले अध्ययन क्षेत्रका ४ वटा विद्यालयमा गरेको अध्ययनबाट प्राप्त तथ्याङ्क निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ७ : सिकाइबाट विद्यार्थीको व्यावहारमा प्रभाव

| प्रश्न | सोधीएका व्यक्ति | छ | छैन | जम्मा |
|---|---|---|---|---|
| १. निरन्तर मूल्याङ्कन प्रणालीले सिकाइमा प्रभाव पारेको छ ? | शिक्षक | ७ | ५ | १२ |
| | प्र.अ. | २ | २ | ४ |
| | अभिभाव | ३ | ५ | ८ |
| | विद्यार्थी | ९ | ७ | १६ |
| | जम्मा | २१ | १९ | ४० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

प्रस्तुत तथ्याङ्क हेर्दा निरन्तर मूल्याङ्कन प्रणालीले सिकाइमा प्रभाव पारेको छ भन्ने प्रश्नमा ७ जना शिक्षकहरू सहमतमा छन् भने ५ जना शिक्षकहरू असहमत छन् । त्यसै गरी विद्यालय प्रशासनका प्रमुख प्र.अ.हरू पनि निरन्तर मूल्याङ्कन प्रणालीले सिकाइमा खासै परिवर्तन नआएको बताउने गरेको पाइयो । ४ जना प्र.अ.हरू मध्ये २ जना प्र.अ. सहमत र दुई जना प्र.अ. असहमत रहेको पाइयो । अभिभावकहरूलाई उक्त प्रश्न गर्दा ३ जना अभिभावकहरू सहमत र ५ जना अभिभावक खासै परिवर्तन नभएको जवाफ पाइयो । विद्यार्थीहरूको दैनिक व्यावहार अवलोकन गर्दा ९ जना विद्यार्थीहरूको व्यावहारमा सिकाइ उपलब्धि प्राप्त भएको पाइयो भने ७ जना विद्यार्थीमा पाइएन ।

निरन्तर मूल्याङ्कन कार्यान्वयन हुनु भन्दा अगाडी र पछाडीमा विद्यार्थी व्यवहारमा के कस्ता भिन्नताहरू पाउनु भएको छ ? भन्ने प्रश्न श्री एकता प्रा.वि. का शिक्षकमा प्रश्न गर्दा उहाँ बताउनु हुन्छ :

> निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्नुभन्दा अगाडी कमजोर विद्यार्थीहरू कक्षामा पछाडी बस्ने, हो हल्ला गर्ने, उनीहरू नियमित विद्यालयमा नआउने, गृहकार्य तथा कक्षाकार्य नगर्ने साथै म आफैको शिक्षणमा पनि कमी कमजोरी रहेको थियो । खासगरी कक्षामा म भट्याउने र विद्यार्थीले त्यसैलाई नक्कल गर्ने गर्दथे । जब क्यास प्रणाली लागु भएपछि उनीहरूको मूल्याङ्कन गर्दा

दैनिक क्रियाकलापको आधारमा गरे पनि खास गरी कमजोर आर्थिक अवस्था दलित, पछाडी पारिएको समुदाय र अभिभावकहरू साक्षर नभएकोले उनीहरूको विद्यालयमा उपस्थिति न्यून नै रहेको, उनीहरूले गृहकार्य तथा कक्षाकार्यमा खासै सक्रियता पाइएको देखिदैन ।

यसरी मूल्याङ्कन गर्दा निरन्तर मूल्याङ्कन प्रणालीले सिकाइमा व्यक्तिको राम्रो प्रभाव पारेको देखिदैन । निरन्तर मूल्याङ्कन प्रणाली लागु भएको विद्यालयहरूमा नियमित विद्यालयमा उपस्थित हुने विद्यार्थीहरूको सिकाइमा पनि खासै प्रभाव पारेको देखिदैन जुन समस्याको रूपमा रहेको छ । यसरी हेर्दा आवश्यकता र परिवर्तनको सिद्धान्तलाई आत्मसात गर्दै निरन्तर मूल्याङ्कन प्रणालीको मापदण्डहरूलाई समय सापेक्ष परिवर्तन गर्दै नवीनतम अवधारणाको विकास गरी निरन्तर रूपमा मूल्याङ्कन गरिनु पर्ने तितो यथार्थ रहेको देखिन्छ ।

## ४.२.४ विद्यार्थीको विद्यालयमा दैनिक उपस्थीतिमा पारेको प्रभाव

अनुसन्धान कर्ताको अध्ययनको क्षेत्रमा परेको ४ वटा विद्यालयमा विद्यार्थीको हाजिरी अवलोकन गर्दा अघिल्लो वर्षको र हालको उपस्थितिको तुलनात्मक अध्ययन गर्दा हाल विद्यार्थी विद्यालयमा उपस्थिति दरमा सुधार भएको पाइयो । निरन्तर मूल्याङकन प्रणालीमा विद्यार्थीको विद्यालयमा उपस्थितिका आधारमा पनि गरिने हुनाले पनि विद्यार्थीको विद्यालयमा उपस्थिति वृद्धि भएको हो । अध्ययनको क्षेत्रमा परेका विद्यालयका शिक्षकहरूका अनुसार एकै चोटी सबै विद्यार्थीहरूको व्यवहार परिवर्तन हुँदैन यो त क्रमशः सुधार हुदै जाने भएकाले यसो हुनुमा अझै केही समय र मेहनतको जरुरत रहेको देखिन्छ । हरेक किसिमका वातावरणबाट केही न केही सिक्न र कमी कमजोरीहरू सुधार गर्न सघाउ पुऱ्याउने गर्दछ । यसका साथै नियमित विद्यालयमा उपस्थिती हुने विद्यार्थीहरूका विद्यालयको वातावरण शैक्षिक किसिमको भएमा सिक्न र व्यवहारहरू सुधार गर्न राम्रो मौका पाउने गर्दछ ।

## ४.२.५ अतिरिक्त क्रियाकलापले पारेको प्रभाव

शिक्षाले वालबालिकाको सर्वाङ्गिण विकास गर्नुपर्दछ । किताबी ज्ञान जान्दैमा बालबालिकाको सर्वाङ्गिण विकास हुदैन । बालबालिकाको सर्वाङ्गिण विकासका लागि अतिरिक्त क्रियाकलापमा सामेल गराएर उनीहरूमा लुकेर रहेका प्रतिभाहरूलई बाहिर ल्याउन प्रयास गर्नु पर्ने हुन्छ ।

यहाँ अध्ययन क्षेत्रमा परेका विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलापमा सञ्चालन गरिएका  कार्यक्रममा उनीहरूको सहभागिता निम्नानुसार पाइयो ।

तालिका ८ : अतिरिक्त क्रियाकलापको स्थिति

| क्र.स. | विवरण | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | हाजीरि जवाफ | ६ | ३७.५ |
| २. | हिज्जे प्रतियोगिता | ३ | १८.७५ |
| ३. | फुटबल | २ | १२.५० |
| ४. | संगीत तथा नृत्य | ३ | १८.७५ |
| ५. | अन्य | २ | १२.५० |
| | जम्मा | १६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

प्रस्तुत तालिकामा हाजिरीजवाफ प्रतियोगितामा विद्यार्थीहरूको सहभागिता ३७.५%, हिज्जे प्रतियोगितामा १८.७५%, फुटबलमा १२.५०%, संगीत तथा नृत्यमा १८.७५% र अन्यमा १२.५०% रहेको पाइयो । यसरी मूल्याङ्कन गर्दा विद्यार्थीहरू केही न केही कार्यक्रममा उनीहरूको सहभागिता पाइयो ।

निरन्तर मूल्याङ्कन प्रणाली प्रयोग गर्नुभन्दा अगाडी र पछाडी उनीहरूको अतिरिक्त क्रियाकलाप प्रति के कस्तो अवस्था पाउनु भएको छ ? भन्ने प्रश्नमा श्री लक्ष्मी उच्च मा.वि. का शिक्षक बताउनु हुन्छ :

> निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्नु अगाडी अतिरिक्त क्रियाकलाप खाली कक्षामा प्रथम, द्वितीय हुने विद्यार्थीहरू मात्र सहभागी हुन्थे तर निरन्तर मूल्याङ्कन यस आधारमा गरिने हुँदा सुरुसुरुमा उनीहरू हिचकिचाहाट भएपनि पछाडी उनीहरूको सहभागिता राम्रो भएको छ ।

हरेक विद्यार्थीहरूमा केही न केही रुचि चाहना र क्षमता हुने गर्दछ । उक्त रुची, चाहना र क्षमतालाई विद्यालयीय वातावरणले उजागर गर्न सहयोग गर्नु पर्दछ । व्यक्तिलाई चाहना भएपनि त्यो प्राप्तीका लागि उसले हरेक कुराहरूको सिकाइ गर्ने गर्दछ । यहाँ शिक्षकहरूले विद्यार्थीहरूमा रहेका विविध प्रतिभाहरूको पहिचान गरी उनीहरूलाई सहयोग गरेको पाइयो ।

### ४.२.६ विद्यार्थीको सिकाइ उपलब्धि

निरन्तर मूल्याङ्कन प्रणालीमा कम्तिमा जम्मा विद्यालय लागेको मध्ये ७०% विद्यार्थी विद्यालयमा उपस्थिति भएमा स्वत कक्षा उकास्न पाइने प्रावधान रहेको छ। यसरी कुनै पनि विद्यार्थी विद्यालय लागेको जम्मा दिनको ७०% उपस्थित भएमा त्यस कक्षामा प्राप्त गर्नु पर्ने सिकाइ उपलब्धि प्रापत गर्दछ भनी भनिएको हो। निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत यसरी उदार कक्षोन्नति अनुसार पाठ्यक्रमले निर्दिष्ट गरेको विषयवस्तुको न्यूनतम मापदण्ड समेत पुरा नगरेका विद्यार्थीहरूलाई माथिल्लो कक्षामा लगेको अभिभावकहरूको दृष्टिकोण रहेको पाइन्छ।

निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन गरे पछि उनीहरूको सिकाइमा के कस्तो प्रभाव पारेको छ ? भन्ने प्रश्नमा श्री काली उच्च मा.वि. का प्र.अ. बताउनु हुन्छ :

> निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनमा जम्मा ६० प्रतिशत भएका विद्यार्थीलाई माथिल्लो कक्षामा स्तर वृद्धि गरेपनि उनीहरू तल्लो कक्षामा सिक्नु पर्ने न्यूनतम कुराहरू सिकी नसकेको हुँदा माथिल्लो कक्षामा पनि उनीहरूको प्रदर्शन निम्न नै हुने गरेको छ त्यसैले यस पद्धतिका केही मापदण्डलाई समयसापेक्ष परिवर्तन गर्नु पर्ने देखिन्छ।

शिक्षकले विद्यालयमा विद्यार्थीको सिकाइमा स्तर वृद्धि गर्नको लागि विद्यार्थीहरूलाई विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गर्ने, कक्षाकोठामा विभिन्न क्षेत्रमा ख्याती कमाएका व्यक्तिहरू तस्विरहरू देखाए र बालबालिकालाई माया, ममता र स्नेहहरू दिएर, जान्ने र नजान्ने विद्यार्थीहरू बीचमा अर्न्तक्रिया गराएर र उनीहरूमा सिक्न प्रोत्साहन गराउने जस्ता कार्यक्रमहरूको आवश्यक पर्दछ। जुन तथ्यहरूको कमी शिक्षक  तथा विद्यालय वातावरणमा रहेको पाइन्न। खासगरी विद्यालयमा शिक्षकहरूले वेवस्ता गर्नु, अभिभावकहरू शिक्षित नहुनु र अनुगमन तथा सुवपरीवेक्षण प्रभावकारी नहुनु नै विद्यार्थीको सिकाइ उपलब्धि न्यून हुने प्रमुख कारणहरू रहेको छ।

## ४.३ निरन्तर मूल्याङकन प्रणालीको कार्यान्वयनमा देखिएका समस्याहरू

प्राथमिक पाठ्यक्रमले व्यवस्था गरेको कक्षा १-३ सम्मको निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा देखिएका समस्याहरूको बारेमा शिक्षाविद, वि.व्य.स. शिक्षक प्र.अ. विद्यार्थीहरू र अभिभावकहरूसँग गरिएको अन्तक्रिया र भराएको फारम तथा स्थलगत अवलोकनबाट प्राप्त तथ्याङ्कहरू विभिन्न उपशीर्षकमा निम्नानुसार प्रस्तुत र विश्लेषण गरिएको छ।

### ४.३.१ शिक्षक तालिम

शिक्षण क्रियाकलापलाई प्रभावकारी ढंगले प्रस्तुत गर्ने काम शिक्षकले मात्र गर्दछ । यसरी विद्यालयको सम्पूर्ण शैक्षिक वातावरणलाई बालिबालिकाको इच्छा, चाहना, क्षमताअनुसारको निर्माण गर्ने काम शिक्षकले गर्ने गर्दछ ।

अनुसन्धानकर्ताको अध्ययन क्षेत्रका ४ वटा विद्यालयका १२ जना शिक्षकहरूमा गरिएको सर्वेक्षणमा न्यून संख्यामा मात्र शिक्षकहरूलाई तालिम दिएको पाइयो भने केही शिक्षकहरू विद्यालयका निजी स्रोतबाट निजी दरबन्दीमा रहेकोले उनीहरूलाई तालिम नदिएको पाइयो । यसरी निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वनय गर्ने निकायलाई यसको जानकारी नहुनु समस्याको रूपमा रहेको पाइयो ।

विद्यालयमा शिक्षकहरू धेरै समय शैक्षणिक कार्यमा खट्नुपर्ने तर उचित सेवा सुविधा तथा पारिश्रमिक पनि नआउने भएकाले प्रायः निजि दरबन्दिमा रहने शिक्षकहरू तालिमको अभावमा यस प्रणालीलाई दिक्क लाग्दो मान्ने गरेको पाइयो । वालेशका अनुसार शिक्षण तालिम जसलाई आफ्नो कार्यको प्रभावकारी ढंगले कार्यन्वयन गर्नको लागि हो ।

तपाईको विद्यालयमा शिक्षक तालिमको अवस्था कस्तो छ ? भनी श्री एकता प्रा.वि.का प्र.अ.लाई प्रश्न गर्दा उहाँ बताउनु हुन्छ :

> शिक्षक तालिममा कतिपय शिक्षकहरू समयमा जानकारी पाएर पनि उपस्थिति नहुनु, उपस्थित भए पनि तालिम अवधिभर नबस्नु, तालिममा बसेपनि कक्षाकोठामा तालिमलाई प्रवेश नगराउँनु, तालिम दिने व्यक्ति योग्य, समय निष्ठ र आर्थिक पारदर्शितामा कमजोर हुनु जसले गर्दा पनि तालिममा सहभागी हुन जोश र जाँगर मरेर आउने देखिन्छ ।

तसर्थ सम्बन्धित पक्षले शिक्षक दरबन्दि थप तथा शिक्षकको सेवा सर्त र सुविधाहरू वृद्धि गरी विद्यालयमा कार्यरत सबै शिक्षकहरूलाई विना भेदभाव तालिम प्रदान गर्नुपर्ने आवस्था देखियो । जसले गर्दा मात्र निरन्तर मूल्याङ्कन प्रणालीले लक्षित उद्देश्य प्राप्त गर्न सक्दछ ।

### ४.३.२ कक्षाकोठा

कक्षाकोठा आकर्षक बनाइनु पर्दछ । कक्षाकोठालाई बालमैत्री बनाउनु पर्दछ । कक्षाकोठामा विभिन्न क्षेत्रमा ख्याती कमाएका राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्तिहरूको फोटोहरू भनाइहरू तथा विभन्न सामग्रहिरूको व्यवस्थापन गरी विद्यार्थीलाई जुन स्थान बस्दछ त्यही स्थानबाट आफ्ना प्रतिभाहरूको विकास गर्न सक्ने हुनुपर्दछ ।

अध्ययन क्षेत्रका ४ वटा विद्यालयमा अवलोकन गर्दा सबै विद्यालयहरूमा विद्यार्थीहरूका गतिविधि सञ्चालन गर्न सक्ने किसिमको रहेको पाइन्न । खासगरी कक्षाकोठामा कमजोर बसाइ व्यवस्था, विद्यालय र विद्यार्थीको दुरी टाढा हुनु प्रमुख समस्याको रुपमा रहेको पाइयो ।

तपाईले शिक्षण गर्ने विद्यालयको कक्षाकोठा शिक्षण मुखी छ कि छैन? भन्ने प्रश्न श्री महेन्द्र मा.वि. का शिक्षकलाई प्रश्नगर्दा उहाँले बताउनु हुन्छ :

> विद्यालय भवनको कमजोर अवस्था, होचो टिनको छाना जसले गर्दा उनीहरूमा बसाईमा असजिलो हुने र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न पर्याप्त ठाउँको अभाव हुने गर्दछ । त्यसैगरि कक्षाकोठामा डेस्क, बेन्च, टेबल, फर्निचरको अभाव, कालोपाटीको राम्रो व्यवस्था नहुनु, साथै एउटा कक्षाको आवाज अर्कोमा जाँदा कक्षामा बाँधा पुग्दछ । कक्षाकोठामा ख्याती प्राप्त व्यक्तिहरूको भनाइ तथा फोटोहरूको प्रबन्ध पनि छैन् ।

यसरी हेर्दा कमजोर विद्यालय भवन तथा कक्षाकोठाको अव्यवस्थित बसाइले गर्दा वास्तविक रूपमा निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनमा समस्याको रूपमा रहेको देखिन्छ ।

### ४.३.३ विद्यार्थीको चाप

शिक्षकको लक्ष्य सबै विद्यार्थी सबै काममा उच्चस्तर हासिल गरुन भन्ने हुनुपर्दछ । कुनै विद्यार्थीले सिकाइ उपलब्धि सूचकसम्बन्धी काममा निम्न वा मध्यमस्तर हासिल गरेको छ भने त्यस विद्यार्थीलाई उच्चस्तर हासिल गराउन आवश्यक सहयोग र प्रोत्साहन दिई थप अभ्यास गराउनु पर्दछ । उनीहरूले उच्चतम सिकाइ उपलब्धि हासिल नगरुन्नजेल थप सहयोग गरेर मूल्याङ्कन गर्दै जानु पर्दछ । यसरी धेरै विद्यार्थीहरूको दैनिक व्यवहारसँग प्रत्यक्ष संलग्न भएर मूल्याङ्कन कार्य गर्नु पर्ने भएकाले यस प्रणालीको कार्यान्वयनमा समस्या रहेको पाइयो ।

कक्षागत सिकाइ उपलब्धि सूचक सम्बन्धी विद्यार्थीका लिखित काम उनीहरूको उपलब्धिको प्रमाणको रुपमा कार्य सञ्चयिकामा राख्नु पर्ने हुन्छ । विद्यार्थीका लिखित प्रमाणका रूपमा राख्न सकिन्छ । विद्यार्थीका कतिपय काम लिखित रूपमा प्रस्तुत गराउन सकिदैन त्यस्ता कामको अवलोकन गरेर मूल्याङ्कन गरी टिपोट राख्नु पर्दछ । यी काम गर्न धेरै विद्यार्थीहरू भएकाले सबै व्यवहारको दैनिक रूपमा रेकर्ड राख्न नसकिएको अवस्था पाइयो । यसले गर्दा निरन्तर रूपमा मूल्याङ्कन गरी विद्यार्थीको रेकर्ड राख्नु पर्ने र उसको स्तर निर्धारण गर्नु पर्नेमा विद्यार्थीको चापको कारणले गर्दा उक्त कार्य बार्षिक रूपमा मात्र भईरहेको पाइयो ।

## ४.४ समस्या समाधानका लागि प्राप्त उपायहरू

कुनै पनि शिक्षण सिकाइ क्रियाकलाप पश्चात पाठ्यक्रमले निर्दिष्ट गरेका लक्ष्यहरू हुने गर्दछन् । उक्त लक्ष्यहरू हरेक विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धिसँग सम्बन्धित हुन्छ तर कक्षामा सबै अवस्थाका विद्यार्थीहरू हुन्छन् । खासगरी सिकाइमा कक्षाकोठाका सबै खाले विद्यार्थीहरू समेटेर शिक्षण गर्नु पर्ने आफैमा चुनौतिपूर्ण कार्य रहेको हुन्छ ।

यसरी आफ्ना सबै विद्यार्थीहरूबाट प्रत्येक पाठबाट अपेक्षित सिकाइ उपलब्धि हासिल गराउन शिक्षकले विभिन्न खालका सुधारात्मक उपायहरू अपनाउनु पर्ने हुन्छ । यसरी पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धिहरू कक्षाकोठाका सबै विद्यार्थीहरूले प्राप्त गर्नका लागि शिक्षकले कमजोर विद्यार्थीका लागि छुटै कक्षा कोठाको प्रबन्ध गराउनु पर्ने, शिक्षण क्रियाकलापमा कमजोर विद्यार्थीलाई ध्यान दिने, जान्ने र नजान्ने विद्यार्थी बीच अन्तरक्रिया गराउने विभिन्न शिक्षण विधि छनौट गरी विद्यार्थीअनुसार छनौट गरी प्रभावकारी तरीकाले अध्ययन गराउने निरन्तर मूल्याङ्कन प्रणालीले उल्लेख गरेको छ ।

अनुसन्धानकर्ताको अध्ययन क्षेत्रका ४ वटा विद्यालयमा अध्ययन गर्दा तथा शिक्षक तालिम शैक्षिक सामग्रीको व्यवस्था तथा व्यवस्थापन कक्षाकोठाको प्रभावकारी व्यवस्थापन, विद्यार्थी केन्द्रित शिक्षण विधीको प्रयोग, कमजोर विद्यार्थीलाई अतिरिक्त कक्षाको व्यवस्था तथा सम्बन्धित निकायले प्रभावकारी ढंगले अनुगमन गर्नुपर्ने देखिन्छ ।

# परिच्छेद पाँच : प्राप्ति निष्कर्ष र सुझावहरू

## ५.१ प्राप्ति

शिक्षण सिकाइबाट के कति प्राप्त भयो भनी लेखाजोखा गर्ने प्रक्रियालाई मूल्याङ्कन भनिन्छ। मूल्याङ्कनले शिक्षाको गुणस्तर वृद्धि गर्न आदर्श भूमिका खेलेको हुन्छ। सरकारले विद्यार्थीको प्रतिफल लगानी अनुरुप आशातीतः उपलब्धि प्राप्त गर्न नसक्नुको मुख्य कारण हाल प्रचलितमा रहेको परम्परागत मूल्याङ्कन प्रणाली पनि एक प्रमुख कारक रहेको छ। एक शैक्षिकसत्र भरी विद्यालयमा नियमित उपस्थिति भएका विद्यालयका क्रियाकलापमा सरिक भएका विद्यार्थीहरूलाई प्रोत्साहन स्वरुप माथिल्लो कक्षामा कक्षोन्नती गर्न सकिन्छ।

विद्यार्थीको प्रगति बारेमा शिक्षक तथा अभिभावकले जानकारी लिन महिनौ वा ६ महिना वा वर्ष दिन कुर्नुपर्ने आवधिक परीक्षा प्रणालीका कमजोरी हटाउन निरन्तर विद्यार्थी मूल्याङ्कन अगाडी सारिने गरिएको छ। प्रस्तुत सन्दर्भमा निरन्तर विद्यार्थी मूल्याङ्कनले कमजोर विद्यार्थीको पहिचान गरी सुधारात्मक उपाय अवलम्वन गर्न विद्यार्थीको आफ्नो अर्न्तनिहित क्षमता अभिवृद्धि गर्न, विद्यार्थीको प्रगतिबारे समय समयमा अभिभावकलाई जानकारी दिन, विद्यार्थीका व्यक्तिगत कठिनाइहरू बुझ्न र सोही अनुसार सहयोग गर्न, विद्यार्थीमा समालोचनात्मक चिन्तन र रचनात्मक चिन्तन सीपको विकासमा सहयोग गर्न निरन्तर मूल्याङ्कनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। जस अनुरुप हाल आएर वर्तमान पाठ्यक्रमले निरन्तर मूल्याङ्कन प्रणालीलाई मूल्याङ्कनको प्रमुख कसी बनाएको छ।

अनुसन्धानकर्ताको अध्ययनको क्षेत्रमा रहेका श्री काली उच्च मा.वि. श्री महेन्द्र मा.वि., श्री एकता प्रा.वि. तथा श्री लक्ष्मी उच्च मा.वि. का नमुना छनौटमा परेका शिक्षकहरू तथा प्र.अ. सँग अन्तरक्रिया गर्दा शिक्षकहरूले निरन्तर मूल्याङ्कन प्रणाली शिक्षण सिकाइ क्रियाकलापमा एक अभिन्न अङ्को रुपमा रहेको पाइयो। उहाँहरूको अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षकले कक्षाकोठामा प्रयोग गर्ने त्यो रणनीति हो जसमा नियमितता, विविधता तथा पूर्णता हुन्छ अर्थात विद्यार्थीका ज्ञान, सीप, अभिवृद्धि लगायतका सबै पक्षको मूल्याङ्कनका विविध साधनहरूको प्रयोग गरेर लेखाजोखा गरिन्छ। यसरी परिभाषित गरे पनि उहाँहरूमा निरन्तर मूल्याङ्कन प्रणालीमा प्रयोग हुने मापदण्डहरू विधि, साधन र निर्माणमा लाग्ने समय, स्रोत र साधनका बारेमा जानकार नरहेको पाइयो। खासगरी प्र.अ. हरू पनि निरन्तर मूल्याङ्कन प्रणालीमा विद्यार्थी मूल्याङ्कनको एक अभिन्न साधन हो भनेको जवाफ प्राप्त भए पनि प्रायः धेरै जसो प्र.अ. हरूले अझै पनि पेपर एण्ड पेन्सिल परीक्षालाई नै अझै पनि प्रमुख साधन मानेको पाइयो।

निरन्तर मूल्याङ्कन प्रणालीले शिक्षण सिकाइ प्रक्रियामा पारेको प्रभावको सम्बन्धमा अनुसन्धानकर्ताको क्षेत्रमा रहेको विद्यालयहरूमा अध्ययन गर्दा स्थानीय स्तरमा नै खास गरी अभिभावकहरू र उहाँहरूमा निम्न साक्षरताका कारण पर्याप्त मात्रामा निगरानी नरहेको पाइयो। निरन्तर मूल्याङ्कन प्रणालीमा विद्यार्थीका दैनिक व्यावहारको रेकर्ड गर्नु पर्ने हुनाले विद्यार्थीको आर्थिक स्तर कमजोर हुँदा निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धी प्राप्त फारमको अभाव रहेको पाइयो। धेरै जसो विद्यालयले उदार कक्षोन्नतिबाट नै कक्षा १-३ सम्म विद्यार्थीहरूलाई माथिल्लो कक्षामा अपग्रेड गरेता पनि पर्याप्त मापदण्डहरू पुरा नगरेको साथै अतिरिक्त क्रियाकलाप विभिन्न सिर्जनात्मक क्रियाकलाप आदि सञ्चालन गरेको पाइएन।

निर्माणमा लाग्ने समय स्रोत साथै शिक्षकहरूको कमीकमजोरीका कारणले गर्दा वार्षिक एव्म एकै पटक सूचना निर्माण गरी कक्षा चढाउने गरेको पाइयो। खासगरी विद्यालयहरूले औचपचारिकता मात्र पुरा गर्न खोजिएको पाइयो। यसरी विविध कारणले यसको प्रभावकारी रुपमा कार्यान्वनको अभाव खड्किए पनि यसको प्रभावको रूपमा कार्यान्वयनको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको पाइयो।

## ५.२ निष्कर्ष

निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीको मूल्याङ्कन गर्दा एकैचोटी मात्र हेर्न वा एउटै मात्र अवसर दिने परिपाटीको अन्त्य गरिदिन्छ। यसले गर्दा विद्यार्थीको लागि उनीहरूको क्रियाकलापको मूल्याङ्कन गर वा मर प्रकृतिको हुँदैन। उनीहरूले अवसर पाउँछन्। यहाँ शिक्षकले पनि आफ्नो पहिलो र दोस्रो शिक्षणमा आफूले गरेको सुधारको बारेमा आत्म समीक्षा तथा प्रतिविम्वन गर्न पाउँछ। जब शिक्षकले आफूले नियमित रूपमा कक्षाकोठामा गर्ने मूल्याङ्कनको अभिलेख राख्ने काम गर्छ र विद्यार्थीलाई दिने पृष्ठपोषण तथा आफ्नो शिक्षणमा सुधारलाई उसको शिक्षण प्रक्रियाको अभिन्न अङ्ग बनाउँछ, त्यतिबेला विद्यार्थी तथा शिक्षकले प्राप्त गर्ने फाइदाको कुनै सिमा रहन्न बुझ्नै पर्ने कुरा के हो भने मूल्याङ्कनले शिक्षण तथा समग्र शैक्षिक सुधारमा सहयोग गर्छ तर यसलाई मात्र विद्यार्थी वा विद्यालयको स्तर निर्धारणको आधारमा हेरेमा यसबाट प्राप्त हुने अन्य थुप्रै फाइदा लिनबाट हामी चुक्दछौँ। निरन्तर विद्यार्थी मूल्याङकन यस अर्थमा पनि अपरिहार्य छ।

प्रस्तुत अध्ययनलाई सफल पार्न प्रयोग गरिएका साधन, स्रोत र यससँग सम्बन्धित विषयहरूको पुनरावलोकन गरी सैद्धान्तिक खाकाद्वारा व्याख्या तथा विश्लेषणबाट सामुदायिक

विद्यालयहरूमा कक्षा १-३ सम्मको निरन्तर मूल्याङ्कन प्रणालीले शिक्षण सिकाइ प्रक्रियामा पारेको प्रभाव प्रस्तुत गरिएको छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन एउटा निरन्तर चलिरहने प्रक्रिया हो । यो विद्यार्थीहरूलाई उच्चतम उत्प्रेरणा प्रदान गर्ने प्रक्रिया हो, यो आफैमा शिक्षण सिकाइ प्रक्रिया हो र यो कुनै एउटा मूल्याङ्कनजन्य क्रियाकलाप नभएर धेरै र सम्भाव्य सबै क्रियाकलापहरूको सामायोजित तथा एकिकृत प्रक्रिया हो । यसले विद्यार्थीमा आउन सकेको र नसकेको सिकाइ उपलब्धीबारे तत्काल थाहा पाउन सकिन्छ । जसले गर्दा उपचारात्मक शिक्षण विधि अपनाउन सकिन्छ । हाल शिक्षाको शैक्षिक गुणस्तर खस्किदै गइरहेको वर्तमान परिप्रेक्षमा हाल आएर शैक्षिक क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूमा यसले नयाँ पालुवा दिएको महसुस हुन थालेको छ । हाल आएर निरन्तर मूल्याङ्कन प्रणालीले सिकाइ उपलब्धिमा पारेको सकारात्मक प्रभाव स्वरुप स्रोतकेन्द्रहरूमा यसको सञ्चालन र एक रूपता ल्याउन सकारात्मक प्रयास भइरहेको पाइन्छ । अझै पनि कार्यसञ्चयिका निर्माण तथा व्यवस्थापनमा लापरवाहि भएको पाइयो । सम्बन्धित निकायले अनुगमन गरेको पाइएन् । विद्यार्थीहरूको व्यक्तिगत क्षमता तथा प्रर्याप्त साधन स्रोत र समयको अभाव, विद्यार्थी, शिक्षक, अनुपात उच्च हुनु आदि कारणले गर्दा शिक्षकहरूले यस प्रणालीलाई नअपनाइ परम्परागत विधिलाई नै कार्यान्वयन गरेको पाइयो । खास गरी सरकारी विद्यालयहरूको विद्यालय वातावरण बालमैत्री नहुनु विद्यालय प्रशासन चुस्त नहुनु पनि अर्को समस्या हो । यसरी विद्यार्थी सङ्ख्या अनुरूप शिक्षक सङ्ख्या नहुनु भएका शिक्षकहरूमा तालिमको अभाव झनै समस्याको रूपमा पाइयो ।

यसरी विभिन्न कठिनाइहरू भएपनि निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्नको लागि सम्बन्धित पक्षले ध्यान दिनु पर्ने हुन्छ ।

## ५.३ सुझावहरू

यस अध्ययनबाट प्राप्त निष्कर्ष र परिणामलाई विश्लेषण गर्दा निरन्तर विद्यार्थी मूल्याङकन प्रणालीलाई अझ बढी सशक्त बनाएर विद्यार्थीहरूमा सिकाइ अभिवृद्धि गर्नका लागि निम्न बमोजिम सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीति निर्माण तह

- शिक्षक तालिमलाई प्रभावकारी रूपमा सञ्चालन गरी शिक्षकको कार्यक्षमता अभिवृद्धि गर्नुपर्ने ।

- जि.शि.का. तथा क्षे.शि.नि. ले प्रभावकारी रूपमा अनुगमन तथा निर्देशन दिनु पर्ने ।
- निर्माण गरिएका विभिन्न नीति नियमहरूलाई कार्यान्वयन गर्नु अघि व्यापक रूपमा छलफल गर्नुपर्ने ।
- सम्बन्धित निकायहरू जस्तै प्र.अ. शिक्षक, वि.नि., वि.व्या.स., क्षे.शि.नि. आदिहरूको भूमिकाहरू स्पष्ट गर्नुपर्ने ।
- शिक्षाशास्त्री विषयविज्ञहरूसँग व्यापक छलफल गरी विद्यालय प्रशासनलाई चुस्त र दुरुस्त राख्नु पर्ने ।
- शिक्षक विद्यार्थी अनुपातको व्यवस्था राम्ररी मिलाउनुपर्ने ।
- विद्यालयको आर्थिक सुधारका लागि विभिन्न नीति नियम निर्माण गर्नु पर्ने ।
- शिक्षकहरूलाई निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धी सहयोगी निर्देशिका निर्माण गर्नु पर्ने ।

### ५.३.२ कार्यान्वयन तह

- विद्यार्थीका सिकाइ उपलब्धि अभिभावकलाई निरन्तर रूपमा प्रदान गर्नु पर्ने ।
- स्थानीय स्तरमा उपयोगी हुने शैक्षिक सामग्रीको व्यापक प्रयोग गर्नुपर्ने ।
- निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा निर्माण गर्ने शिक्षकलाई पुरस्कारको व्यावस्था गर्नुपर्ने ।
- शिक्षक, अभिभावक, विद्यालय निरिक्षक तथा शिक्षासँग सम्बन्धित सबै वर्गले आत्ममूल्याङ्कन र कर्तव्य पूरा गर्ने ।
- विद्यालयको भौतिक संरचनामा विकास गर्दै वालमैत्री वातावरण विद्यालयमा विकास गर्ने ।
- विद्यालयमा शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन, समीतिको क्षमता अभिभवृद्धि कार्य गराउनु पर्ने ।
- परीक्षा प्रणालीमा पेपर तथा पेन्सिल परीक्षालाई क्रमशः निरुत्साहित गर्दै लानु पर्ने ।
- विद्यालयमा विद्यार्थी कार्य सञ्चायिकाको फाइल तयार गर्नु पर्ने ।
- परीक्षा प्रणालीसँग सम्बन्धित व्यक्तिहरूको क्षमता अभिवृद्धि गराउन गोष्ठीहरू सञ्चालन गर्नुपर्ने ।
- विद्यालयमा विद्यार्थीको कक्षाकार्य तथा गृहकार्य परीक्षण शिक्षकले राम्रोसँग गर्नु पर्ने ।

### ५.३.३ अनुसन्धान तह

यस अध्ययनबाट भविष्यमा अनुसन्धान गर्ने जो कोही व्यक्तिलाई थप सहित्यको पुनरावलोकनका लागि सहयोग पुग्छ ।

निरन्तर मूल्याङ्कन प्रणाली सैद्धान्तिक आधारमा उपयोगी भए पनि व्यवहारिक रूपमा कार्यान्वयन हुन नसकिरहेको अवस्थामा निरन्तर मूल्याङ्कन प्रणालीको सफलता शीर्षकमा अनुसन्धान गर्दा उपयुक्त देखिन्छ ।

# सन्दर्भसूची

अधिकारी, विष्णुप्रसाद (२०६७), *माध्यमिक शिक्षा दिग्दर्शन,* काठमाडौँ: आशिष पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद (२०६८), *माध्यमिक शिक्षा दिग्दर्शन,* काठमाडौँ: आशिष पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद (२०६९), *माध्यमिक शिक्षा दिग्दर्शन,* काठमाडौँ: आशिष पुस्तक भण्डार ।

खनाल, श्रीप्रसाद (२०६६), *कार्यक्रम मूल्याङ्कन,* काठमाडौँ : जुपिटर पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

गौतम, चेतनाथ (२०६८), निरन्तर मूल्याङ्कन प्रणालिको कार्यन्वनयको अवस्था, *शिक्षक मासिक,* ४(४५), २७-३५ काठमाडौँ: ज्ञान विज्ञान शैक्षिक सहकारी संसथा लिमिटेट ।

नेपाल सरकार (२०६३), नेपालको अन्तरिम संविधान-२०६३, काठमाडौँ : मकालु प्रकाशन ।

पा.वि.के (२०६०), *निरन्तर विद्यार्थी मूल्याङ्कन परिचय पुस्तिका,* भक्तपूर: लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६३), *राष्ट्रिय पाठ्यक्रम प्रारुप,* भक्तपूर : लेखक

फुयाल, दामोदर (२०६२), *निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारीता,* अप्रकाशित शोधपत्र, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, स्नातकोत्तर तह एम. एड. दोस्रो वर्ष, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

भट्टराई, रविन (२०६५), *प्राथमिक तहको उदार कक्षोन्नति मूल्याङ्कनको अवधारण र कार्यान्वियनको अवस्था,* अप्रकाशित शोधपत्र शैक्षिक व्यवस्थापन तथा मूल्याङ्नक विभाग, स्नातकोत्तर तह, एम. एड् दोस्रो वर्ष, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

राष्ट्रिय योजना आयोग (२०६४), *तीन बर्षिय अन्तरिम योजना आधारपत्र,* काठमाडौँ : राष्ट्रिय योजना आयोग ।

शर्मा, गोपीनाथ (२०५९), *नेपालका शिक्षा आयोगका प्रतिवेदहरु,* काठमाडौँ : मकालु बुक्स एण्ड स्टेसनर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा,निर्मला (२०६८), *कक्षाकोठामा मनोविज्ञान,* काठमाण्डौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

शर्मा, एम. आर. (२०६९), *शिक्षक सेवा आयोग परीक्षा सारथि प्राथमिक तह,* काठमाडौँ : गुडविल पब्लिकेशन प्रा.लि. ।

शिक्षा तथा खेलकुद मन्त्रालय (सन् २००३), *सवैका लागि शिक्षा २००४-२००९ मुख्य दस्तावेज,* काठमाडौँ: लेखक ।

शिक्षा विभाग (२०५९), *अध्ययन प्रतिवेदन आ.व. २०५८/०५९ नेपाली रुपान्तर,* भक्तपूर: लेखक।

# अनुसूची १

# निरन्तर मूल्याङकन प्रणालीले शिक्षण सिकाइ प्रक्रियामा पारेको प्रभाव

## विद्यालय सर्वेक्षण फराम

१. वर्तमान पाठ्यक्रमले तोकिए अनुसार कक्षा १-३ सम्म विद्यार्थी मापन प्रक्रियामा निरन्तर मूल्याङ्कन प्रक्रिया अनुसार गरिएको छ ?

क) छ ख) छैन

२. यदि प्रयोग गरिएको छ भने कसरी गरिएको छ ?

क) पूर्णरूपमा ख) आंशिकरूपमा

३. निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा प्रयोग भए नभएको अनुगमन भएको छ ?

क) छ ख) छैन

४. यदि गरिएको छ भने कुन निकायबाट गरिएको छ ?

क) क्षे.शि.नि. ख) जि.शि.का ग) स्रोतकेन्द्र घ) सबै

५. निरन्तर मूल्याङ्कन प्रणाली विद्यालयमा के कसरी कति वर्षमा प्रयोग गरिएको छ ?

क) ख) ग) घ)

६. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियामा विद्यार्थी मापनको लागि कार्यसञ्चयिका राखिएको छ वा छैन ?

क) छ ख) छैन

७. यदि प्रयोग गरिएको छ भने कहिलेको प्रयोग गरिएको छ ?

क) परीक्षण अवधि ख) एकवर्ष पहिलो ख) हालको

८. कार्य सञ्चयिका के मा राखिएको छ ?

क) फाइल ख) कम्प्युटर ग) दराज घ) कक्षाकोठा

९. निन्तर विद्यार्थी मूल्याङ्कनका लागि मूल्याङ्कन फारम विकास गरिएको छ ?

क) छ ख) छैन

१०. यदि छ भने कहिलेको लागि फारम विकास गरिएको छ ?

क) परीक्षण अवधि ख) हाल ग) एकवर्ष अघि

# अनुसूची २

# निरन्तर मूल्याङकन प्रणालीले शिक्षण सिकाइ प्रक्रियामा पारेको प्रभाव

## स्रोतव्यक्तिको लागि अन्तर्वार्ता प्रश्नावली

स्रोतव्यक्तिको नाम : ठेगानाः

स्रोतकेन्द्रको नाम : मितिः

१. मूल्याङ्कन भनेको के हो र यो कस्तो हुनु पर्छ ?

२. प्राथमिक उमेर तहमा निरन्तर मूल्याङ्कन प्रणालीको आवश्यकता बारे प्रकाश पारिदिनुहोस् न?

३. प्राथमिक उमेर तहमा निरन्तर मूल्याङ्कन प्रणाली किन उपयुक्त मानिएको हो ?

४. निरन्तर मूल्याङ्कन प्रणालीले विद्यार्थीको सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पारेको छ ?

५. निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन प्रक्रियामा के कस्तो सकारात्मक प्रयासहरू भइरहेका छन् ?

६. निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन प्रक्रियामा के कस्तो चुनौतीहरू छन् ?

७. निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रा.वि. तहमा प्रभावकारी रूपमा कार्यान्वनयमा के कस्तो व्यवास्था गरिएको छ ?

८. निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा अनुगमन गर्न तपाईको भूमिका कस्तो रहने छ ?

९. निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा लागु गर्न के कस्तो सुधारको आवश्यकता पर्दछ?

१०. निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी रूपमा कार्यन्वयनमा शिक्षक भूमिका कस्तो रहेको छ ?

# अनुसूची ३

# निरन्तर मूल्याङकन प्रणालीले शिक्षण सिकाइ प्रक्रियामा पारेको प्रभाव

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि अन्तर्वार्ता प्रश्नावली

अध्यक्षको नाम : विद्यालयको नाम :

ठेगाना : मिति :

१. मूल्याङ्कन भनेको के हो ?

२. निरन्तर मूल्याङ्कन प्रणालीका बारेमा के कस्तो जानकारी छ? केही भनाइ व्यक्त गरिदिनुहोस् न?

३. तपाई विद्यालय समयमा उपस्थिति भइ अनुगमन गर्ने गर्नु भएको छ ?

४. तपाईको विद्यालयमा अध्यापन गराउने शिक्षकहरू तालिम प्राप्त हुनुहुन्छ की हुनु हुदैन ?

५. तपाईले तालिम प्राप्त र अप्राप्त शिक्षकहरू बीचमा के कस्तो अन्तर पाउनु भएको छ ?

६. तपाईको विद्यालयमा समुदायको सहयोग कतिको रहेको छ ?

७. विद्यार्थीहरूमा निरन्तर मूल्याङ्कन प्रणाली लागु गर्नु भन्दा अगाडी र पछाडी के कस्तो फरक पाउनु भएको छ ?

८. तपाईको विद्यालय शिक्षकहरूको उपस्थिति कतिको नियमित पाउनु भएको छ ?

९. विद्यालयमा अतिरिक्त क्रियाकलाप कस्ता कार्यक्रमहरू हुने गरेका छन् ?

# अनुसूची ४

# निरन्तर मूल्याङकन प्रणालीले शिक्षण सिकाइ प्रक्रियामा पारेको प्रभाव

## प्रधानाध्यापकका लागि अन्तर्वार्ता प्रश्नावली

प्र.अ.को नाम : विद्यालयको नाम :

अनुभव वर्ष : मिति :

१. मूल्याङ्कन भनेको के हो ? यसले विद्यार्थीको सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पार्दछ ?

२. प्राथमिक तहमा विद्यार्थी मूल्याङ्कनको वर्तमान अवस्था कस्तो छ ?

३. निरन्तर मूल्याङ्कन प्रणाली भनेको के हो ? यसले सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पारेको छ ?

४. तपाईको विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा के कस्ता प्रयासहरू भइरहेका छन् ?

५. विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणालीको प्रयोग गर्नु के कस्ता कठिनाइहरू छन् ?

६. शिक्षकहरूलाई निरन्तर मूल्याङकन प्रणालीको लागि तालिममा पठाउनु भएको छ ?

७. कार्यान्वयन पक्षमा तपाइको भूमिका कस्तो रहेको छ र विद्यालयमा के कस्ता प्रयासहरू भइरहेको छ ?

८. निरन्तर मूल्याङ्कन प्रणालीका सवल र दुर्वल पक्षहरू के के हुन् ?

९.निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्नु अघि र पछि विद्यार्थीहरूमा के कस्ता व्यवहारहरू परिवर्तन भएको छ ?

१०. शिक्षकहरूको निरन्तर मूल्याङ्कन प्रणालीमा उहाँहरूको सक्रियता कतिको रहेको छ ?

११. विद्यालयमा शिक्षकहरू शिक्षण सिकाइ तथा निरन्तर मूल्याङ्कन प्रणाली प्रति कतिको जागरुक भएको पाउनु भएको छ ?

१२. निरन्तर मूल्याङ्कन प्रणाली प्रयोग गरेपछि सिकाइ उपलब्धि के कस्तो प्राप्त भएको छ ?

१३. विद्यालयमा शिक्षक तालिमको के कस्तो अवस्था रहेको छ ?

अनुसूची ५(क)

# निरन्तर मूल्याङकन प्रणालीले शिक्षण सिकाइ प्रक्रियामा पारेको प्रभाव

## शिक्षकका लागि प्रश्नावली

शिक्षकको नाम : विद्यालयको नाम :

शैक्षिक योग्यता : कार्यगत अनुभव :

१. विद्यार्थी मूल्याङ्कन भनेको के हो ?

क) स्तर लेखाजोखा गर्नु ख) कमी कमजोरी पत्ता लगाउनु

ग) कक्षा पदोन्नति गर्नु घ)अभिभावकलाई जानकारी गराउँन

२. तपाईको विषयमा विद्यार्थी मूल्याङ्कन गर्न कुन मूल्याङ्कन विधिको प्रयोग गर्नुहुन्छ ?

क) निरन्तर विद्यार्थी मूल्याङ्कन ख) परीक्षा प्रणाली

ग) मिश्रित घ) आवश्यकता अनुसार सबै

३. तपाईको विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणाली लागु भए नभएको कतिको अनुगमन हुने गरेको छ ?

क) छ ख) छैन

४. तपाईको विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणालीको अनुगमन कसले गर्ने गरेको छ ?

क) प्र.अ. ख) स्रोत व्यक्ति ग) जि.शि.का घ) क्षे.शि.नि.

५. अभिभावकहरू विद्यार्थीको प्रगति बुझ्न आउनु हुन्छ की हुदैन ?

क) आफै आउनु हुन्छ ख) हुदैन ग) बोलाए पछि आउनु हुन्छ

६. निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धी तालिम लिनुभएको छ ?

क) छ, कति पटक....... ख) छैन

७. निरन्तर मूल्याङ्कन प्रणालीले विद्यार्थीहरूको व्यवहारमा कतिको प्रभाव पारेको छ ?

क) आंशिक ख) पुर्ण ग) प्रभाव पारेको छैन

८. तपाईले कार्यसञ्चयिका निमाण गर्नु भएको छ ?

क) छ ख) छैन

# अनुसूची ५(ख)

# निरन्तर मूल्याङकन प्रणालीले शिक्षण सिकाइ प्रक्रियामा पारेको प्रभाव

## शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली

शिक्षकको नाम : विद्यालयको नाम :

शैक्षिक योग्यता : कार्यगत अनुभव :

१. तपाईको विचारमा प्राथमिक तहमा विद्यार्थी मूल्याङ्कनको अवस्था कस्तो छ ?

२. निरन्तर मूल्याङ्कन प्रणालीको सुधारका लागि कस्ता प्रयासहरू भइरहेका छन् ?

३. निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनको के कस्ता प्राविधिक कठिनाइहरू छन् ?

४. निरन्तर मूल्याङ्कन प्रणालीका लागि प्रयोग हुने शैक्षिक सामाग्रीहरू कसरी जुटाउनु हुन्छ ?

५. निरन्तर मूल्याङक्नका लागि दिइएका मापदण्डहरू कतिको प्रयोग गर्नु हुन्छ ?

६. निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनमा हुनु भन्दा अगाडी र पछाडी विद्यार्थीको व्यवाहारमा के कस्ता परिवर्तन पाउनु भएको छ ?

७. निरन्तर मूल्याङ्कन प्रणाली प्रयोग गर्नुभन्दा अगाडी र पछाडी उनीहरूको अतिरिक्त क्रियाकलाप प्रति के कस्तो अवस्था पाउनु भएको छ ?

८. तपाईले शिक्षण गर्ने विद्यालयका कक्षाकोठाको व्यवस्थापन कस्तो छ ?

## अनुसूची ६

# निरन्तर मूल्याङकन प्रणालीले शिक्षण सिकाइ प्रक्रियामा पारेको प्रभाव

### विद्यार्थीका लागि अन्तर्वार्ता प्रश्नावली

विद्यार्थीको नाम : विद्यालयको नाम :

कक्षा : रोल नं. :

१. तपाईको नाम के हो ?

२. तपाईलाई परीक्षा समयमा कति डर लाग्छ वा लाग्दैन ?

३. तपाई विद्यालयमा कतिको नियमित उपस्थित हुने गर्नुहुन्छ ?

४. तपाईको विद्यालयमा तपाइहरूको मूल्याङ्कन कसरी हुने गरेको छ ?

५. निरन्तर मूल्याङ्कन प्रणालीका आधारमा कक्षोन्नति गर्ने पद्धति कस्तो लाग्छ ?

६. विद्यालयमा अध्यापन गराउने शिक्षकहरू तालिम पूर्व र पछिमा वहाँहरूको व्यवहारमा कतिको फरक पाउनु भएको छ ?

७. तपाईको मनपर्ने विषय कुन हो ?

८. शिक्षण सिकाइ क्रियाकलापमा तपाई कतिको सहभागी हुनुहुन्छ ?

९. गृहकार्य र कक्षाकार्यमा तपाइको शिक्षकले कतिको समय दिनुहुन्छ ?

अनुसूची ७

# निरन्तर मूल्याङकन प्रणालीले शिक्षण सिकाइ प्रक्रियामा पारेको प्रभाव

## अभिभावकको लागि अन्तर्वार्ता प्रश्नावली

अभिभावको नाम : ठेगाना :

विद्यालयको नाम : मिति :

१. तपाईको नानी कति कक्षा र कुन विद्यालयमा पढ्नु हुन्छ ?

२. तपाईको नानी परीक्षासँग कतिको डर मानेको अनुभव गर्नु भएको छ ?

३. तपाईको नानी परीक्षामा कति असफल भएका छन् ?

४. तपाई विद्यालयमा तपाइका नानीहरूको प्रगति बुझ्न कतिको जाने गर्नु भएको छ ?

५. तपाइको विचारमा नानीहरू विद्यालय छाड्ने कारण के होला ?

६. शिक्षकहरू तालिममा गएर आए पछि तपाइका नानीको के कस्ता परिवर्तन देख्ने गर्नु भएको छ ?

७. तपाईको विचारमा नानीहरूका लागि विद्यालयको वातावरण कस्तो हुनुपर्छ ?

८. विद्यार्थीका प्रगतिका लाग शिक्षक, विद्यालय र अभिभावकका वीचमा कस्तो सम्बन्ध हुनुपर्छ ?

९. तपाईलाई तपाइको विद्यार्थीको कार्यसञ्चयिकामा हस्ताक्षर गराउने गरेको छ कि छैन ?

समाप्त